# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४३ | काठमाडौं | बिहीबार, २२ जेठ २०८२ | Prabhab National Daily | Thursday, June 05 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


संकटमा राजावादी आन्दोलन

## लिङ्देन अनुपस्थित बैठक भाँडियो, थापा नबोली हिंडे

- समीक्षा बैठकमा लिङ्देन नदेखिएपछि होहल्ला, बैठक प्रभावित
- लिङ्देनलाई बैठकमा सहभागी युवाहरूले सोधे- संसद् कि आन्दोलन प्यारो ?
- कमल थापा र राजेन्द्र गुरूङले होहल्लाका कारण बोल्नै पाएनन्, संयोजक सुवेदीले विज्ञप्तिमार्फत सार्वजनिक गरे आगामी कार्यक्रम



■ जेबी योञ्जन

**काठमाडौं–** राजसंस्था फर्काउने भन्दै आन्दोलनमा जुटेका राजावादीहरूबीच असमझदारी चुलिँदै गएको देखिएको छ। संवैधानिक राजतन्त्र पुनर्स्थापना नगरिकन सडक आन्दोलनबाट नफर्किने भन्दै यही १५ जेठबाट आन्दोलन सुरु गरेका राजावादीहरूबीच भाँडभैलो सुरु भएको हो। बुधबार आयोजित समीक्षा बैठकमा भाँडभैलो मच्चिएको हो।

आन्दोलनको मूल शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले त संयुक्त जनआन्दोलन समितिलाई नै बहिष्कार गर्न थालेका छन्। उनी बुधबार राजसंस्था पुनर्स्थापनाका लागि भन्दै गठित समितिले सुकेधारास्थित नवदुर्गा पार्टी प्यालेसमा बोलाएको समीक्षा बैठकमा गएनन्। उनले आइतबार काठमाडौंको नारायणचौरमा राप्रपा नेपालका अध्यक्ष कमल थापालगायत नेताको पक्राउपछि समितिले आह्वान गरेको बन्दलाई अस्वीकार गरेका थिए। त्यसपछि उनले बुधबारको समीक्षा बैठक नै बहिष्कार गरेका हुन्।

राप्रपा नेपालका एक नेताका अनुसार समिति संयोजक नवराज सुवेदीले लिङ्देन, राप्रपा नेपालका अध्यक्ष थापा र राष्ट्रिय शक्ति नेपालका अध्यक्ष केशरबहादुर विष्टलगायत नेतासँगको समन्वयमा नै बैठकमा बोलाएका थिए। तर, संसद् बैठक भन्दै लिङ्देन अनुपस्थित भए। पार्टी उपाध्यक्षसमेत रहेका सांसद विक्रम पाण्डे भने बैठकमा सहभागी भएका थिए।

लिङ्देन बैठकमा नदेखिएपछि समीक्षा बैठकमा युवाहरूले होहल्ला मात्रै गरेनन् बैठक नै भाँडिदिए। राप्रपा नेपालका अध्यक्ष थापाले होहल्लाका कारण बैठकलाई सम्बोधन गर्न पाएनन्। उनी सम्बोधन नगरी बैठकबाट बाहिरिए। तर, होहल्ला रोकिएन।

राप्रपाका कार्यसम्पादन समिति सदस्य जनकराज पाठकका अनुसार यही १५ जेठदेखि गर्दै आएको आन्दोलनबारे समीक्षा गर्न र दोस्रो चरणको आन्दोलनको रूपरेखा तयार पार्नेबारे छलफलका लागि बैठक बोलाइएको थियो। तर बैठक सञ्चालन नहुँदै होहल्लाले भाँडियो।

'बैठकमा हाम्रो अध्यक्ष जानुभएन। हलबाट खोइ राजेन्द्र लिङ्देन ? भनेर खोजी भयो,' उनले प्रभावसँग भने, 'नदेखिएपछि होहल्ला नियन्त्रणबाहिर गयो। राप्रपा नेपालका अध्यक्ष कमल थापा सम्बोधन नै नगरी बाहिरिनुभयो। संयोजकज्यूले बैठक स्थगन गर्नुभयो।'

बैठकमा युवाहरूले लिङ्देनलक्षित प्रश्न सोधेका थिए- आन्दोलन कि संसद् प्यारो ? सांसद नै रहेका उपाध्यक्ष पाण्डे बैठकमा आउन सक्ने तर लिङ्देन किन नसक्ने ? लिङ्देनले भने बैठकमा महामन्त्री राजेन्द्र गुरुङलाई पठाएका थिए। लिङ्देनको खोजी गर्दै युवाहरूले होहल्ला गरेपछि गुरुङले बोल्न चाहेका थिए। युवाहरूले उनलाई सुन्न चाहेनन्। त्यसपछि गुरुङले बोलेनन्।

लिङ्देनकै अनुपस्थितिलाई लिएर युवाहरू आक्रोशित भएका हुन्, जसले समीक्षा बैठक भाँडियो। बैठकमा राजसंस्थापक्षधर दल, अभियान र समूह गरी ४५ घटकका प्रतिनिधिहरूको सहभागिता थियो। यही १५ जेठदेखि राजावादी आन्दोलनमा काठमाडौं उपत्यकाबाहिरदेखि आएकाहरू पनि बैठकमा थिए। उनीहरूले पनि लिङ्देनको खोजी गरेका थिए।

क्रमशः पृष्ठ २ मा

प्रदेश सरकारको नीति तथा कार्यक्रम

# कर्णालीको जोड पर्यटनमा गण्डकीको आर्थिकमा

- 'बासोबास गाउँमा, भविष्य आफ्नै ठाउँमा', 'कर्णालीको जडीबुटी प्रदेशको ढुकुटी', 'संसारको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली'जस्ता नारा कर्णालीको नीति तथा कार्यक्रममा उल्लेख
- प्रधानमन्त्री ओलीले २०७२ सालमा दुई वर्षभित्र मुलुकभर रहेका तुइन विस्थापन गर्ने अभियान घोषणा गरेकोमा यस वर्ष कर्णाली सरकारले तुइन विस्थापनको नीति लिएको छ
- गण्डकीले पोखराका साथै यहाँ उत्पादन हुने कोदो, फापर, उवा, भाँगो, टुसा, निउरो, सिन्की, टिमुर, सिस्नु, सिलाम, कागुनो, जौलगायतका रैथाने बाली, मत्स्य तथा पशुपक्षीजन्य उत्पादनको ब्राण्डिङ तथा बजारीकरण गर्ने नीति लिएको छ





गण्डी प्रदेश प्रमुख डिल्लीराज भट्ट बुधबार गण्डकी प्रदेशसभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै (बायाँ) र सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँ कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कर्णाली प्रदेशसभामा प्रस्तुत गर्दै (दायाँ)। *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली प्रदेश र गण्डकी प्रदेश सरकारले बुधबार एकै दिन आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन्। अधिकांश मिल्दोजुल्दो नारासहित अघि सारेका नीति तथा कार्यक्रममा फरक भनेको बुँदागतरूपमा तलमाथि पारिएका विषयमात्र देखिन्छ।

नारा नै नाराले भरिएको कर्णाली सरकारको नीति तथा कार्यक्रम सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले बुधबारको प्रदेशसभामा प्रस्तुत गरे। कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी उपचारका लागि अमेरिका गएकाले सुदूरपश्चिमका प्रदेश प्रमुख मियाँले यो अवसर पाएका हुन्। कर्णालीको पूर्वाधार निर्माणका साथ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जडीबुटीको प्रवर्द्धनका साथै १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न खेल व्यवस्थापनलाई प्राथमिकता राख्दै ११८ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

यता १३५ बुँदे गण्डकीको नीति तथा कार्यक्रम प्रदेश प्रमुख डिल्लीराज भट्टले गण्डकी प्रदेशसभा बैठकमा बुधबार नै प्रस्तुत गरेका हुन्।

### कर्णालीको कार्यक्रममा नारै नारा

नारै नारा समेटिएको कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा पर्यटनलाई प्रमुखताका साथ स्थान दिँदै विभिन्न कार्यक्रमहरू अघि सारिएको छ। 'बासोबास गाउँमा, भविष्य आफ्नै ठाउँमा', 'कर्णालीको जडीबुटी प्रदेशको ढुकुटी', 'संसारको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली'जस्ता नारालाई यसपटकको नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

क्रमशः पृष्ठ २ मा

### स्थानीय उत्पादनको ब्राण्डिङदेखि गाजा खेतीसम्म

गण्डकी प्रदेश सरकारले पोखराको ब्राण्डिङका लागि 'पोखरा जाऔं, प्रकृति र संस्कृतिसँग रमाऔं' तथा 'राउण्ड फेवा, भ्यु फेवा' कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने कार्यक्रम अघि सारेको छ। त्यसैगरी गण्डकीले यहाँ उत्पादन हुने सिस्नु, कागुन टिमुरलाई बजारीकरण गर्नमा जोड दिने उल्लेख गरिएको छ। 'कोदो, फापर, उवा, भाँगो, टुसा, निउरो, सिन्की, टिमुर, सिस्नु, सिलाम, कागुनो, जौलगायतका रैथाने बाली, मत्स्य तथा पशुपक्षीजन्य उत्पादनको ब्राण्डिङ तथा बजारीकरणलाई जोड दिइने छ,' नीति तथा कार्यक्रममा उल्लेख छ।

अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको गण्डकीको नीति तथा कार्यक्रम अर्थतन्त्र बलियो बनाउनेतिर जोड दिएको देखिन्छ। 'इन्भेस्ट गण्डकी' नाम दिइएको लगानी सम्मेलन गर्ने नीति गण्डकीले लिएको छ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## रोजगारीको नाममा 'अनलाइन स्क्यामिङ'मा लगाइएका तीन जनाको उद्धार

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'अनलाइन स्क्यामिङ' कार्यमा लगाइएका तीन जना नेपालीलाई म्यानमारबाट उद्धार गरी नेपाल फर्काइएको छ। थाइल्याण्डस्थित नेपाली राजदूतावासले थाइल्याण्ड सरकारको सहयोगमा तीन जना पुरुषलाई नेपाल फर्काइएको जनाएको छ। उनीहरूलाई म्यानमारको मेवाडीबाट उद्धार गरी थाइल्याण्डको बैंककहुँदै बुधबार काठमाडौं पठाइएको हो।

दूतावासले सूचना जारी गर्दै तोकिएको मापदण्ड पूरा गरेर मात्र रोजगारीमा जानका लागि सचेत गराएको छ। साथै, आकर्षक तलबको प्रलोभनमा नपर्नसमेत आग्रह गरेको छ। 'नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो पैसा कमाउने हेतुले कम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्डलगायत देशमा नआउनका लागि राजदूतावास सबैमा अनुरोध गर्दछ,' सूचनामा भनिएको छ।

दूतावासले सन् २०२५ यता अनलाइन स्क्यामिङमा लगाइएका २४ जना पुरुष र दुई जना महिला गरी २६ जना नेपाली नागरिकलाई उद्धार गरेर स्वदेश पठाइएको जनाएको छ। यस अवधिमा अन्य मुलुक पठाइदिने नाममा अलपत्र पारिएकालाई पनि दूतावासले उद्धार गरी पठाइदिएको उल्लेख गरेको छ।

- थाइल्याण्डस्थित नेपाली राजदूतावासले म्यानमारबाट उद्धार गरी तीन जना पुरूषलाई नेपाल पठाएको जानकारी
- सन् २०२५ यता अनलाइन स्क्यामिङमा लगाइएका २४ जना पुरूष र दुई जना महिलाको उद्धार
- कम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्डमा लगेर अनलाइन स्क्यामिङ कार्यमा लगाउने गिरोह सक्रिय
- छिटो पैसा कमाउने प्रलोभनमा परी यी देशमा नआउन दूतावासको आग्रह

गत माघ ४ गते लाओसको गोल्डेन ट्रांगलमा गैरकानुनी काममा लगाइएका एक जनाको उद्धार गरेको थियो। फागुन २३ गते आकर्षक रोजगारीको प्रलोभनमा पारी पलाउ भन्ने मुलुक पठाइदिने नाममा अलपत्र पारिएका २० जनालाई नेपाल फर्काइएको थियो। उनीहरूलाई बिचौलियाले भारतको दिल्लीहुँदै थाइल्याण्ड लगेर छोडेको भेटिएको थियो। क्यानडाको भिसा लगाइदिने भन्दै थाइल्याण्डमा छोडिएका पाँच जनाको गत चैत १५ गते दूतावासले उद्धार गरेको थियो। उनीहरूको राहदानी आफैंसँग लगेर बिचौलिया फरार भएको थियो। त्यस्तै, लामो समयदेखि अलपत्र पारिएका दुई जनाको गत जेठ ९ गते उद्धार गरिएको थियो।

रोजगारीको प्रलोभन देखाएर नेपाली युवाहरूलाई अनलाइन स्क्यामिङ, अनलाइन जुवा, कल सेण्टर, क्रिप्टोकरेन्सी ठगीलगायतका काममा शंकास्पद आइटी कम्पनीहरूले लग्ने विगतदेखिको समस्या रोकिएको छैन। रोजगारीको प्रलोभन देखाएर विशेषगरी सामाजिक सञ्जालमार्फत विज्ञापन गर्ने गरेको दूतावासले जनाउँदै आएको छ।

रोजगारीको खोजीमा रहेका युवाहरूलाई नेपाल सरकारले निषेध गरेका कार्यका लागि विशेषगरी थाइल्याण्ड, भियतनाम, लाओस, कम्बोडियालगायत मुलुकमा लगेर बन्दी बनाएर काम लगाउने गरेका घटना विगतमा पनि सार्वजनिक भइसकेका छन्। यस्ता निषेधित काममा रोजगारीमा नआउन दूतावासले पटक-पटक आग्रह गर्दै आएको छ।

क्रमशः पृष्ठ २ मा

### अल्बानिया र दक्षिण कोरिया पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अल्बानिया र दक्षिण कोरिया पठाइदिने भन्दै १३ लाख रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२८ बस्ने ४६ वर्षीय प्रविनकुमार शाह र रोल्पाको त्रिवेणी गाउँपालिका-४ घर भई हाल काठमाडौं महानगरपालिका-११ बस्ने ३२ वर्षीया प्रतिज्ञा बुढामगर रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

पक्राउ परेकामध्ये प्रविनले अल्बानिया पठाइदिने भन्दै आठ लाख १८ हजार रूपैयाँ र प्रतिज्ञाले दक्षिण कोरिया पठाउने भन्दै पाँच लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको उनले बताए। काठमाडौंका विभिन्न ठाउँबाट उनीहरूलाई पक्राउ गरी थप आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको सूचना अधिकारी आचार्यले जानकारी दिए।



## पृष्ठ १ बाट क्रमशः

### कर्णालीको जोड...

यसैगरी कर्णाली सरकारले यसै वर्ष तुइन विस्थापन गर्ने नीति लिएको छ । 'अन्तरप्रदेश सडक सञ्जालअन्तर्गत सुदूरपश्चिम, लुम्बिनी तथा गण्डकी प्रदेश जोड्ने सडक निर्माणलाई प्राथमिकतामा राखिने छ । पर्यटकीय महत्त्व भएका स्थान र दूरी घटाउने झुलुंगे पुल निर्माण गरिने छ । आधा घण्टाको हिँडाइ/फेरोभित्र पहुँच पु्याउन झोलुंगे पुल निर्माण गरी यसै आर्थिक वर्षभित्र प्रदेशबाट पूर्णरूपमा तुइन विस्थापन गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले २०७२ असोज २५ गते पहिलोपटक प्रधानमन्त्री हुँदा दुई वर्षभित्र मुलुकभर रहेका तुइन विस्थापन गर्ने अभियान घोषणा गरेका थिए । उनको घोषणा घोषणामै सीमित भएपछि यसपटक कर्णालीको कार्यक्रममा दोहोरिएको हो ।

अधुरा आयोजनाको अध्ययन गरी लगानी गर्ने, वित्तीय अनुशासन र व्यवस्थापनका लागि आर्थिक प्रणालीमा सुधार ल्याउने उल्लेख गरिएको छ। शिक्षालाई श्रम, श्रमलाई सीप, सीपलाई रोजगारी र रोजगारीमार्फत आत्मनिर्भर नागरिक बनाउनेतर्फ जोड दिने, हुम्लाको सिमकोटलाई मानसरोवर तथा कैलाश पर्वतको प्रवेशद्वारका रूपमा विकास गर्ने नीति तथा कार्यक्रममा भनिएको छ । भेरी-बबई डाइभर्सनबाट निस्कने विद्युत्को रोयल्टी प्राप्तिका लागि पहल गर्ने, कर्णालीको कृषि विकास रणनीति कार्यान्वयन गरी कृषिलाई विविधीकरण, यान्त्रिकीकरण र आधुनिकीकरणमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी 'उज्यालो कर्णाली'का लागि जगदुल्ला जलविद्युत्मा सेयर लगानीको नीति अघि सारेको छ ।

फलफूलखेती विकासका लागि स्याउ, ओखर र सुन्तला विकास बोर्ड गठन गर्ने, प्रदेशको बहुआयामिक गरिबी न्यूनीकरण, सीमा क्षेत्रमा क्वारेन्टिन राख्ने, 'जेनजी' पुस्तालाई आवश्यक सहयोग गर्ने, साइबर सुरक्षा विशेष कार्यक्रम, दुर्गममा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

■■■

### स्थानीय उत्पादनको ...

'सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आवश्यक रूपान्तरणकारी रणनीति अवलम्बन गरी हस्तक्षेपकारी कार्यक्रमको रूपमा इन्भेस्ट गण्डकी कार्यक्रममार्फत आन्तरिक र बाहृय लगानी आकर्षण गर्न लगानी सम्मेलन गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

यसैगरी, राइड सेयरिङसम्बन्धी नियमावलीलाई कार्यान्वयन गर्दै यसलाई नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ । सामाजिक सुरक्षा कोषलाई लागू गर्ने, सार्वजनिक-निजी साझेदारीका लागि आवश्यक कानुनी व्यवस्था गर्ने, करको दायरा विस्तार, कर सचेतना, कर प्रशासनमा सुधार एवं कर सहभागितामा अभिवृद्धि गर्ने, बजेटको अख्तियारी निकाशा, बेरुजु व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन डिजिटल प्रणाली अवलम्बन गरी वित्तीय सुशासन कायम गर्ने, नेपाली भाषाका अतिरिक्त गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिन कानुनी प्रबन्ध मिलाउने, गाजा खेतीका लागि कानुन निर्माण गर्नेलगायत नीति तथा कार्यक्रममा समेटेको छ ।

गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगेकोट दरबार, क्होलासोथर, लमजुङ दरबार, विन्ध्यवासिनी मन्दिर, लोमानथाङ दरबार, मुक्तिनाथ मन्दिर, बागलुङ कालिका मन्दिर, पुर्कोट कालिकालगायतलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि आवश्यक पहल गर्ने नीति गण्डकी सरकारले लिएको छ ।

'सिक्दै कमाउँदै, कमाउँदै रमाउँदै' कार्यक्रमलाई निरन्तरता, ठूला, अगुवा र आवासीय विद्यालय विकास कार्यक्रम, गोरखा, मनाङ र मुस्ताङ जिल्लामा रहेका हिमाली विद्यालय सञ्चालन गर्न विशेष व्यवस्था गर्ने, बौद्धिक अपांगता भएका बालबालिकाको शिक्षाका लागि नेपाल सरकारसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरमा सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक पहल गर्ने नीति गण्डकी सरकारले लिएको छ ।

■■■

### लिङ्देन अनुपस्थित...

समिति संयोजक सुवेदीले बैठक भाँडिएपछि प्रेस विज्ञप्तिमार्फत समितिले आगामी दिनमा गर्ने केही कार्यहरू सार्वजनिक गरेका छन् । उनका अनुसार काठमाडौं उपत्यकाको विभिन्न पालिकामा विरोध प्रदर्शन जारी राख्ने, काठमाडौंको अतिरिक्त देशको प्रमुख सहरहरूमा विरोध, धर्ना र सभा गर्नेसँगै आन्दोलनलाई अझ सशक्त, प्रभावकारी र उपलब्धिमूलक बनाउन स्थानीय तहदेखि नै संयुक्त जनआन्दोलन समिति गठन गरिने छ । यसबाहेक देशको विभिन्न जिल्लामा प्रतिबद्ध र जुझारु युवा कार्यकर्ताको समूह तयार गर्ने र यसपछि आन्दोलनलाई पुनः काठमाडौं केन्द्रित गर्ने भनिएको छ ।

तर, राजावादी आन्दोलन असंगठित हुनेतर्फ उन्मुख देखिएको छ। राजावादीमध्ये सबैभन्दा ठूलो जनमतधारी दल राप्रपाका अध्यक्ष लिङ्देन संवैधानिक राजसंस्था र हिन्दू अधिराज्यका पुनर्स्थापनाका लागि सुवेदीकै नेतृत्वमा अघि नबढ्ने देखिएका छन् । जबकि, सुवेदी नेतृत्वको समितिले भने काठमाडौंका स्थानीयवासीले राजा फर्काउने आन्दोलनलाई सहयोग नगरेपछि उपत्यकाबाहिरबाट प्रदर्शनकारीहरूलाई ल्याएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनको सरकारलाई नेपालमा राजसंस्था र हिन्दू अधिराज्य पुनर्स्थापनाका लागि सहयोग र समर्थन गर्न गुहार मागेका छन् । यति हुँदाहुँदै आन्दोलनकारी शक्तिहरूबीच नै फुट देखिएको हो ।

पछिल्लोपटक राजावादी शक्तिहरूलाई एक ठाउँमा ल्याउन पूर्वराजा ज्ञानेन्द्र शाहले भूमिका निर्वाह गरेका थिए । उनले नयाँ वर्षको अवसर पारेर गत वैशाखको ४ गते आयोजना गरेको 'लञ्च मिटिङ'ले लिङ्देन, सुवेदी, थापा र विष्टलाई एक ठाउँमा ल्याएको थियो । तर, दुई महिना पनि पूरापूर आन्दोलनमा सँगै भएनन् ।

■■■

### रोजगारीको..

दूतावासका अनुसार नेपालीहरू पर्यटक भिजामा यी मुलुकमा पुग्ने गरेका छन् । वैदेशिक रोजगारीको प्रयोजनमा भिजिट भिसाको प्रयोग गर्दा समस्या निम्तिएको भन्दै यसप्रति सजग हुन दूतावासले आग्रह गर्दै आएको छ ।

उल्लिखित मुलुकहरूमा रोजगारीमा जानुअघि सम्बन्धित रोजगारदाता र कम्पनीको बारेमा जानकारी लिएर मात्र जान गत पुसमा परराष्ट्र मन्त्रालयलेसमेत सजग गराएको थियो । तर गैरकानुनी रूपमा थाइल्याण्ड जाने क्रम रोकिएको छैन ।

म्यानमार, लाओस, भियतनाम र कम्बोडिया अनलाइन स्क्यामिङका ठूलो धन्दा सञ्चालित मुलुकमध्येमा पर्छन् । भौगोलिकरूपमा यी सबै मुलकको बीचमा थाइल्याण्ड पर्छ । थाइल्याण्डको अर्थतन्त्रको प्रमुख स्रोतमध्येमा पर्यटन रहेको छ । पर्यटकको आवागमन बाक्लो हुने भएकाले छिमेकी मुलुकमा गैरकानुनी धन्दा चलाउँदै आएका गिरोह र सोझासाझा युवाहरूलाई रोजगारीको प्रलोभन देखाउने बिचौलियाले थाइल्याण्डलाई सुरक्षित सेल्टरको रूपमा प्रयोग गरेको पाइएको छ । यो ठगीको जालोलाई भत्काउन पछिल्लो समय थाई सरकारले चीन, संयुक्त राज्य अमेरिका र युरोपसँग अन्तर्राष्ट्रिय कानुनका विभिन्न पक्षमा काम गर्न थालेको जनाएको छ ।

# त्रिवि उपकुलपति कार्यालय तोडफोड गर्नेलाई कारबाही गर्न आग्रह

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालय (त्रिवि) को उपकुलपति कार्यालयमा तोडफोड गर्नेलाई कारबाही गर्न गृह प्रशासन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले बुधबार जारी गरेको विज्ञप्तिमा त्रिविको उपकुलपतिको कार्यालयमा एक समूहबाट तोडफोड भएको तथा अन्य पदाधिकारीको कार्यालयमा तालाबन्दी गरिएको घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै तोडफोडमा संलग्नलाई कारबाही गर्न माग गरेको हो ।

'त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १७ (३) अनुसार सहकुलपतिका हैसियतबाट माननीय मन्त्रीज्यू उक्त घटनाका सम्बन्धमा सूक्ष्म अध्ययन गरिरहनुभएको छ,' प्रवक्ता सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'साथै मन्त्रीज्यूले यस्ता अनुशासनहीन र गैरकानुनी कार्यमा संलग्न जोसुकै भए पनि गम्भीर अनुसन्धानबाट पहिचान गरी तिनलाई कानुनी कारबाहीको दायरामा ल्याउन गृह प्रशासनको उच्च तहसँग परामर्श गर्दै सम्बन्धित पदाधिकारीलाई आवश्यक अनुरोध गर्नुभएको छ ।'

मन्त्रालयले विश्वविद्यालय जस्तो विशुद्ध प्राज्ञिक संस्था र लाखौं विद्यार्थीको भविष्य निर्माणका लागि दैनिक पठनपाठन प्रणाली सञ्चालनमा क्रियाशील रहनुपर्ने निकायमा कुनै पनि बहानामा यस्ता हिंसात्मक, गैरकानुनी र शैक्षिक क्यालेण्डरलाई बाधा पु्याउने कुनै पनि कार्य सदैव निन्दनीय र भर्त्सनायोग्य हुने जनाएको छ ।

मन्त्रालयले भविष्यमा कुनै पनि विश्वविद्यालय तथा शैक्षिक संस्थामा यस्ता अप्रिय घटना हुन नदिने गरी सम्बन्धित पक्षबाट स्वतःस्फूर्त रूपमा सावधानिपूर्वक प्रयत्न गर्न मन्त्रालयले सबैलाई आग्रह गरेको मन्त्रालयका प्रवक्ता सापकोटाले जनाएका छन् ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०७/१६ मा दर्ता भएको **प्रा. लि. नं. ६७१९८/०६६/०६७** को **मेरी रियल स्टेट एण्ड हाउजिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८२/०२/१५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/०४ मा दर्ता भएको **प्रा. लि. नं. २११०२८/०७५/०७६** को **जितु कन्स्ट्रक्सन प्रा. लि.** को मिति २०८२/०२/१५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**


**Chingad Rural Municipality**
**Office Of The Rural Municipalexecutive**
Awalching, Surkhet
Karnali province, Nepal

**Invititation for Bid**

**First Date of publication: 5th June 2025**

1. Chingad Rural Municipality invites electronic bid from eligible bidders as per details given below under SQ bidding Procedures

| SN | Contract No. | Description of works | Estimate amount (without vat) | Bid Security Amount. | Bid document fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 09/SQ/GOODS/CRM/081/082 | Procurement of essential medicines and surgical equipments | Nrs 1828999.2 | NRs. 45725 | NRs. 1000 | |

2. All further information and bid documents can be inspected visiting the PPMO E-Portal www.bolpatra.gov.np
**Information to deposit the cost of bidding document in bank**
**Name of bank**: Sanima Bank, Chingad branch
**Name of account** : Aantarik rajaswa khata
**Account number**: 069010040000005
3. Electronic bids for **09/SQ/GOODS/CRM/081/082** must be submitted on or before **11:00 hours on 20th Jun 2025** and shall be opened at **12:00 hours on 20th Jun 2025** at office.

**Chief Administrative Officer**

**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
राकमकर्णाली, दैलेख
कर्णाली प्रदेश,नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०२/२२**

यस कार्यालयवाट तपशिल उल्लेखित कार्यको खरिदको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं | कामको विवरण | छनोट भएको वोलपत्रदाता | स्वीकृत रकम रु. (VAT) सहित |
|---|---|---|---|---|
| 1 | 05/NCB/AM/SP/2081-082 | The Procurement of Supply and Delivery of Sanitary Pads at Aathabis Municipality | David Medicine Suppliers | 1173821.4 |

प्रमुख प्रशासकिय अधिकृत

**बीमा अभिलेख प्रमाणपत्र हरायो**

मिति २०८२/०१/१० गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Narmada Kumari Adhikari
विमालेख नं : 255201559
Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Kalanki, Kathmandu, Nepal
सम्पर्क नं : 9845241999

**युएईमा रोजगार** कम्पनी : **Cat International Limited Abu Dhabi**
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325203 चलानी नं.६०२३९१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 150 | 0 | 800 | २९,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BABY ANGEL INTERNATIONAL PVT. LTD.**
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np
Govt. License 940/067/068

**साउदीमा रोजगार** कम्पनी : **WELL POLISHED NAILS LADIES BEAUTY SALON COMPANY**
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325171 चलानी नं. ६०२३८९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 3 | 0 | 200 | ८९,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** कम्पनी : **AL SIRAAJ ALDHAHABIU BUILDING MAINTENANCE**
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325103 चलानी नं. ६०२३९०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLASTER & BRICK MASON | 1 | 0 | 1200 | ४४,८५१ | | | | | | | |
| 3 | Scafolder | 1 | 0 | 1200 | ४४,८५१ | | | | | | | |
| 4 | TILE LAYER. | 1 | 0 | 1200 | ४४,८५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत नं. ३०७/०५९/६०
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com

**युएईमा रोजगार** कम्पनी : **EMIRATES TASTE CATERING SERVICES FOOD L L C**
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325209 चलानी नं. ६०२३९११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 15 | 0 | 1200 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 10 | 1000 | ३७,३७१ | | | | | | | |
| 3 | CLEANER MALE | 20 | 0 | 900 | ३३,६३४ | | | | | | | |
| 4 | Restaurent Worker | 20 | 0 | 1000 | ३७,३७१ | | | | | | | |
| 5 | Waiter | 50 | 0 | 1200 | ४४,८४५ | | | | | | | |
| 6 | Waitress | 0 | 15 | 1200 | ४४,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १००००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**कुवेत/युएइमा रोजगार** कम्पनी : **KOOBS RESTAURANT CO.**
पूर्व स्वीकृति मिति : २०८१/०९/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 315580 चलानी नं.६०२३०२५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 5 | 170 | ७६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 9 | 0 | 140 | ६२,६९० | | | | | | | |

कम्पनी : **BOTANICA SHIPPING FZCO**
पूर्व स्वीकृति मिति : २०८२/०२/२० LT. No. 325102 चलानी नं.६०२३९०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 40 | 0 | 800 | २९,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
**Sultan Gulf Oversease Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : **BIG PHARMACY HEALTHCARE SDN BHD**
पूर्व स्वीकृति मिति : २०८२/०२/२० LT. No. 325132 चलानी नं. ६०२३९१०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 25 | 0 | 1700 | ५४,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः शाखा कार्यालय, बिर्तामोड, झापामा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

**साउदीमा रोजगार** कम्पनी : **AL-ISNAD OPERATION AND MAINTENANCE COMPANY**
पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325126 चलानी नं. ६०२३९०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1200 | ४३,९१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

# युवाहरूलाई आत्मनिर्भर बन्ने सीप सिकाउँदै कामपा





■ विविशा पौडेल

**काठमाडौं–** युवाहरूको भीड, रंगीचंगी स्टल र प्रत्येक कुनाबाट झुल्किने जिज्ञासु आँखाहरू । केही दिनयता काठमाडौंको टुँडिखेलको वातावरण यस्तै देखिन्छ । यो कुनै जात्रा वा पर्व विशेषको मेला भने होइन । काठमाडौं महानगरपालिकाले युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ आयोजना गरेको 'सीप मेला-२०८२' मा देखिएको दृश्य हो ।

आयोजकका अनुसार यो मेलामात्र होइन, आत्मनिर्भर भविष्यतर्फको यात्रा हो । महानगरले मेलाको उद्देश्यमै स्पष्ट पारेको छ- सीप दिनुमात्रै होइन, रोजगारी सिर्जना गर्नु । 'पहिले जनतालाई ध्यान दिएर तालिम दिइन्थ्यो, अहिले संघसंस्थाको मागअनुसार तालिम दिन थालिएको छ,' मेला कार्यान्वयन समितिका सदस्य देवेन्द्र केसी भन्छन्, 'हामी अहिले आवश्यकता हेरेर तालिम दिन्छौं । जुन संस्थालाई सीपयुक्त जनशक्ति चाहिएको छ, हामी त्यही खालको तालिम दिएर दक्ष जनशक्ति तयार गर्छौं ।'

यसरी परिवर्तन भएको तालिम नीतिअनुसार गत वर्ष २०८१ मा तालिम लिएका दुई हजार २७५ जनामध्ये ५० प्रतिशत रोजगारीमा लागिसकेको महानगरको भनाइ छ । रोजगारी सिर्जनालाई मुख्य उद्देश्य बनाएर आयोजना गरिएको मेलामा, तालिम भनेको केवल अध्ययन नभएर अवसर तथा रोजगारी प्रदान गर्नु भएको केसी बताउँछन् । महानगरको तीन वर्षे रणनीतिक योजनाअन्तर्गत दोस्रोपटक सीप मेला आयोजना गरेको हो ।

प्रत्येक वर्ष नयाँ सोचका साथ नयाँ-नयाँ तालिम अगाडि बढाइएको तालिम संयोजक शैलेन्द्र झाले बताए । यसपटकको मेलामा विशेष तालिमहरू एआई र रोबोटिक्स रहेको उनले जानकारी दिए । साथै, महिलाका लागि गार्मेन्ट तथा फेसन डिजाइनसमेत समेटिएको झाको भनाइ छ । त्यसैगरी परम्परा तथा हस्तकला सीपअन्तर्गत थाङ्का, चित्रकला र सेरामिक्स रहेको उनले बताए ।

तालिममा सिट सीमित भएकाले धेरैलाई समेट्न नसकिएको महानगरले जनाएको छ । तालिम लिन चाहनेहरूको लाइन लागेको र मेलाको ११औं दिनसम्म आइपुग्दा छनोटमा नपरेका युवाहरू तालिम माग्दै मेला धाइरहेको केसीको भनाइ छ । 'हामी अब अर्को वर्षमात्रै लिन सकिन्छ भन्न बाध्य भयौं । यति धेरै चाहना देख्दा खुसी लाग्छ, तर व्यवस्थापन पनि चुनौती छ,' उनले भने । गार्मेन्ट र फेसन डिजाइन तालिममा महिलाको सहभागिता सतप्रतिशत रहेको उनले बताए ।

'यो मेला देशैभरिका स्थानीय तहहरूका लागि नमूना बनोस् भन्ने हाम्रो चाहना हो । स्वदेशमै सीप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले महानगर अघि बढेको छ । विदेश जाने युवाले पनि यहाँ तालिम लिएर उचित पारिश्रमिक र सम्मानजनक काम पाउने सम्भावना बढेको छ,' केसीको भनाइ छ ।

## रोजगार प्रवर्द्धनका लागि १३ संस्थासँग सहकार्य

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले युवाहरूलाई रोजगारी दिलाउन निजी क्षेत्रका १३ वटा संस्थासँग सहकार्य गर्ने भएको छ । यस्तो सहकार्यसम्बन्धी समझदारीपत्रमा बुधबार हस्ताक्षर गरिएको छ ।

महानगरले टुँडिखेलमा सञ्चालन गरिरहेको सीप मेलामा महानगर र ती संस्थाका प्रतिनिधिहरूबीच समझदारी भएको हो । जसमा नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, हिसान, एफपिटिइएन, ग्लोकल, सिप्रदी ट्रेडिङ, सिसिटिभी स्टेसन एण्ड स्मार्ट होमलगायत रहेका छन् । यो समझदारीले महानगरले सञ्चालन गरिरहेको तालिममा सहभागीहरूलाई रोजगारीका लागि सहजीकरण हुने अपेक्षा गरिएको छ ।

एक महिनासम्म सञ्चालन हुने मेलामा विभिन्न १० क्षेत्रका ३६ प्रकारका सीप सिकाउने तालिमहरू दिइरहेको महानगरले जनाएको छ । बुधबार आयोजित कार्यक्रममा पूर्वगृहमन्त्री एवं नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ, श्रम मन्त्रालयका प्रतिनिधि, निजी क्षेत्रका व्यवसायी, सीप मेला सल्लाहकार समिति सदस्य र विभिन्न संघसंस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

मेलामा शुभकामना दिँदै पूर्वगृहमन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनले जनताको जीवनमा प्रत्यक्ष असर पुर्‍याउनुपर्ने बताए । उनले भने, 'राजनीतिक परिवर्तनको मूल सार आर्थिक परिवर्तनमा निहीत हुन्छ । तर आजसम्म पनि जनता त्यो परिवर्तन महसुस गर्न सकेका छैनन् । त्यही कारण तीन तहकै सरकारले यस्ता सीपमूलक कार्यक्रम ल्याउनु अत्यावश्यक छ ।'

सीप मेला सल्लाहकार समिति सदस्य रञ्जित आचार्यले सीप विकासलाई दिगो अर्थतन्त्रको मेरुदण्डका रूपमा व्याख्या गरे । जगदम्बा मोटर्सका अध्यक्ष अखिल गुप्ताले सीप सिकाएर युवाहरूलाई नेपालमै रोक्न सकिने बताए ।

# छुवाछूत तथा भेदभाव अन्त्य गर्न कानुन कार्यान्वयनमा जोड

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले जातीय भेदभाव तथा छुवाछूतजस्ता गम्भीर मानवअधिकार उल्लंघनका विषयलाई संवेदनशीलरूपमा लिई कानुन कार्यान्वयन गर्न आग्रह गरेको छ । आयोगले गरेको सिफारिस पूर्णरूपमा कार्यान्वयन गर्न, छुवाछूत र जातीय विभेदको व्यावहारिकरूपमा अन्त्यका लागि प्रभावकारी कदम चाल्न तीनै तहका सरकार, राजनीतिक दल, नागरिक समाज, सबै धार्मिक संघ संस्था, मानवअधिकारकर्मी तथा आमनागरिकलाई अनुरोध गरेको छ ।

छुवाछूतमुक्त राष्ट्र घोषणाको १९ वर्ष तथा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवसको सन्दर्भमा आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा जातीय विभेदमा संलग्नलाई राजनीतिक संरक्षण नगरी कानुनी कारबाही गर्नसमेत सरकारको ध्यानाकर्षण गराएको छ ।

'संवैधानिक तथा कानुनको इमान्दारीपूर्ण कार्यान्वयन हुन नसक्दा व्यवहारमा भने जातीय भेदभाव तथा छुवाछुतको अन्त्य हुन सकेको छैन, यस वर्ष अछाममा विद्यालयभित्र दलित विद्यार्थीमाथि विभेद गरिएको पाइएको छ,' विज्ञप्तिमा भनिएको छ, 'सप्तरीमा अन्तरजातीय विवाहको विषयलाई लिएर भएको घटनालाई न्यायिक प्रक्रियामा लैजानुको सट्टा मिलापत्र गराउने क्रममा बालिकाले आत्महत्या गरेको पाइएको छ ।'

नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, अपराध पीडितको हक, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हक, दलितको हक र सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । कानुनीरूपमा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ तथा अन्तर ाष्ट्रियरूपमा सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ समेतको पक्ष राष्ट्र भई यस विषयमा नेपालले कार्य गर्दै आएको छ ।

# भारतबाट फर्केका तीन जनामा कोरोना पुष्टि

**बैतडी (प्रस)–** भारतबाट फर्किएका सुदूरपश्चिम प्रदेशका तीन जनामा कोभिड संक्रमण पुष्टि भएको छ । कोभिड पुष्टि हुनेमा दुई पुरुष र एक महिला रहेका सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका महामारी सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए ।

कञ्चनपुरको पुनर्वासका २० वर्षका युवक, अछामको ढकारीका ३२ वर्षीय युवक र कैलालीको धनगढीकी २४ वर्षीया महिलामा कोभिड पुष्टि भएको हो । उनले भने, 'भारतको विभिन्न सहरबाट गौरीफान्टा नाका भएर स्वदेश फर्किरहेका शंकास्पद ३६ जनाको परीक्षण गर्दा तीन जनामा कोभिड पुष्टि भएको छ । कोभिड पुष्टि भएका सबैलाई होम आइसोलेसन बस्न भनेका छौं ।'

कोभिड पुष्टि भएका सबैको पिसिआर परीक्षणका लागि केन्द्रीय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौं पठाइएको निर्देशनालयका महामारी सम्पर्क व्यक्ति जोशीले जानकारी दिए । उनले भने, 'कोभिड पुष्टि भएका तीनैजनाको स्याम्पल काठमाडौं पठाएका छौं । काठमाडौंमा पिसिआर परीक्षणपछि उनीहरूमा कोभिडको कुन भेरियन्ट रहेछ भन्ने पत्ता लाग्छ ।' भारत तथा अन्य छिमेकी राष्ट्रहरूमा कोभिड-१९ को संक्रमण देखा परिरहेकाले नेपालमा पनि यसको संक्रमण र महामारी निम्तन सक्ने भएकोले सुदूरपश्चिमका सबै सीमानाकामा सतर्कता अपनाइएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागले संक्रमणको महामारी निम्तनसक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै मातहातका कार्यालय, अस्पताल र प्रयोगशाला तयारी अवस्थामा रहन निर्देशन दिएको छ । सतर्कता अपनाउन तथा तयारी अवस्थामा रहन निर्देशन दिए पनि सुदूरपश्चिममा कोभिड संक्रमण भए नभएको पत्ता लगाउने किटको अभाव रहेको छ ।


**कतारमा रोजगार** — कम्पनी : Budget Hypermarket WII

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325154 | चलानी नं. ६०२३९११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 20 | 1300 | ४८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 8 | 1300 | ४८,८६५ | | | | | | | |
| 3 | Labour | 8 | 0 | 1300 | ४८,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**साउदीमा रोजगार** — कम्पनी : ZOD FACTORY FOR PASTRIES AND BAKERIES, BRANCH OF ABDULLAH AL OTHAIM MARKETS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325150 | चलानी नं. ६०२३९०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 20 | 0 | 1200 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74



दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको
**सूचना**
प्रकाशित मिति: २०८२/०२/२२

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **Kingfisher Overseas Pvt. Ltd.** (इ.प.नं. 1435/074/75) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सह दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०२/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

| साविक शेयरधनीको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम र शेयर संख्या |
|---|---|
| १. विक्रम बानिया -००१ देखि १०५०० सम्म<br>२. इन्द्रविर महर्जन -१०५०१ देखि १८००० सम्म<br>३. सन्तोषी महत -१८००१ देखि २४००० सम्म<br>३. रवि गिरी -२४००१ देखि ३०००० सम्म | १. रवि गिरी -०१ देखि ३०००० सम्म |



**साउदी/युएइमा रोजगार** — कम्पनी : STEEL RESOURCES INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | LT. No. 325082 | चलानी नं. ६०२३९०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 3 | 0 | 1200 | ४३,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MSF SCAFFOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 324963 | चलानी नं. ६०२३९०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३७,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 10 | 0 | 1200 | ४४,८५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



**युएइमा रोजगार** — कम्पनी : QALAAT AL MANAKH GENERAL SECURITY GUARD SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 315267 | चलानी नं. ६०२२९५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARDING SERVICES | 10 | 0 | 1200 | ४४,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851196634, 9867835681, 9814462098, 9841777604, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति: २०८२/०२/२२ गते

**श्री आमखोली सामुदायिक वन उपभोक्ता समूह**, शान्तिनगर गाउँपालिका वडा नं.६ र ७, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं.६, पहाडिपुर, दाङको घाट्गद्दीमा लट बनाई राखिएको खयर र सिमल जातको गोलिया काठ थान २७७ को ६४८.९१ घ.फि. साथै अन्य दाउरा ०.७४ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

- अध्यक्ष



**युएइमा रोजगार** — कम्पनी : VAULT BOX AUTO SPARE PARTS TRADING LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325125 | चलानी नं. ६०२३९०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR WASHER/ VEHICLE WASHING GREASING WORKER | 4 | 0 | 1000 | ३७,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : Architectural Oasis Contracting Co.

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324917 | चलानी नं.६०२३९११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HR Administrator | 1 | 0 | 6500 | २३७,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना

प्रकाशित मिति: २०८२/०२/२२

कम्पनी ऐन २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७२।११।१४ मा दर्ता भएको प्रा.लि. दर्ता नं. १४५७८९ को **पि.पि.आर.एस. एग्री प्रा.लि.** को मिति २०८१।०२।१२ मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही, कसैको कुनै बाँकी बक्यौता, ऋण दायीत्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायीत्व भुक्तानी गरि बाँकी जायजेथा शेयरधनीलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली/ दामासाही व्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाडौं, मोवाईल नं. ९८५१०२६३३२**



## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.

Sandus Saving & Credit Co-operativge Ltd.
Head Office: Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
Service Centre: Purano Baneshwor-10, Kathmandu, Tel.: 01-4462833, 4475986, E-mail: sandussaving@gmail.com

**कर्जा रकम चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना !**

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२२ गते

तपसिलमा उल्लेखित ऋणीहरुले यस **सन्दुस बचत तथा ऋण सहकारी संस्था लिमिटेड**.का.म.पा.वडा नं.१० मा अवस्थित सेवा केन्द्र पुरानो बानेश्वर काठमाडौँबाट अचल सम्पति धितो राखी लिनुभएको धितो कर्जावापत संस्थालाई तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना रकम तिर्न बुझाउन भनी पटक-पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत बेवास्ता गरी तिर्न बुझाउन नआई संस्थासँग भएको ऋणसम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋण, कर्जावापत संस्थालाई तिर्न बुझाउन बाँकी रकम यथाशिघ्र चुक्ता गर्न हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा आफूले कर्जा प्राप्त गरेको संस्थाको सेवाकेन्द्र वा प्रधान कार्यालयमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना रकम अविलम्ब चुक्ता गर्नु होला । अन्यथा तपाई ऋणीले ऋणको सुरक्षण वापत संस्थालाई लेखी लेखाइदिनु भएको तपसिलको अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम एवं प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनेछ । साथै लिलाम विक्रीबाट सम्पूर्ण कर्जाको साँवा, ब्याज, हर्जना असुलउपर नभएमा तपाई ऋणी तथा एकाघरका परिवार साथै जमानी दिनेको नाममा रहेको अन्य चल-अचल सम्पत्तिबाट समेत कानून बमोजिम संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| **नाम थर** : **कृष्णमाया राइनी**<br>**बाबु/पतिको नाम** : हर्कबहादुर राई<br>**ससुराको नाम** : ढाकबहादुर राई<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा न.पा.वडा नं.५<br>**ना.प्र.न.**६९७१३१६ (जारी मिति २०४६/१०/११) | **नाम थर** : **असन बहादुर राई**<br>**बाबुको नाम** : ढाकबहादुर राई<br>**स्थायी ठेगाना** : खोटाङ जिल्ला टेम्मा गाविस वडा नं.२<br>**ना.प्र.न.** : ३४७/०३४/०३५<br>**नाम थर** : **मणिकुमार राई**<br>**बाबुको नाम थर** : असनबहादुर राई<br>स्थायी ठेगाना : झापा जिल्ला अर्जुन धारा न.पा.वडा नं.५<br>**ना.प्र.न.**: १५८७/३९५<br>**नाम थर** : **ज्ञानप्रकाश राई**<br>**बाबुको नाम थर** : असनबहादुर राई<br>स्थायी ठेगाना : झापा जिल्ला अर्जुन धारा न.पा.वडा नं.५ | झापा जिल्ला घैलाडुब्बा गा.वि.स.वडा नं.९ कित्ता नं. ६८१ को क्षेत्रफल ३३८.६३ व.मि. |
| **नाम थर** : **असनबहादुर राई**<br>**बाबुको नाम** :- ढाकबहादुर राई<br>**बाजेको नाम** :- अदमवीर राई<br>**स्थायी ठेगाना** :- खोटाङ जिल्ला टेम्मा गाविस वडा नं.२<br>**ना.प्र.नं.**३४७/०३४/०३५ (जारी मिति : २०३४/१०/२९) | **नाम थर** : **कृष्णमाया राइनी**<br>**बाबु/पतिको नाम** : हर्कबहादुर राई<br>**ससुराको नाम** : ढाकबहादुर राई<br>**स्थायी ठेगाना** : झापा जिल्ला अर्जुनधारा न.पा.वडा नं.५<br>**ना.प्र.न.**६९७१३१६ (जारी मिति २०४६/१०/११) | झापा जिल्ला चारपाने गा.वि.स.वडा नं.१ कित्ता नं. ३११ को क्षेत्रफल ०-५-१५ (विघा) र कि.नं.२४९८ को क्षेत्रफल ०-३-० विज्ञा |



**कतारमा रोजगार** — कम्पनी : Tanzifco Comapny

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325143 | चलानी नं. ६०२३९१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEAN WORKER | 100 | 0 | 1000 | ३७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना

प्रकाशित मिति: २०८२/०२/२२

कम्पनी ऐन २०६३ बमोजिम श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७७।०४।१९ मा दर्ता भएको प्रा.लि.दर्ता नं. २३९५८४ को **सिरा एडभर्टाइजिङ एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८१।०२।१२ मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही, कसैको कुनै बाँकी बक्यौता, ऋण दायीत्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायीत्व भुक्तानी गरि बाँकी जायजेथा शेयरधनीलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली/ दामासाही व्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाडौं, मोवाईल नं. ९८५१०२६३३२**



**Mauritius मा रोजगार** — कम्पनी : SINOHYDRO CORPORATION LIMITED

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 317001 | चलानी नं. ६०२३१४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker (Grade II) | 20 | 0 | 21690 | ६४,९६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELECTRICIAN TECHNICIAN | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 3 | Form Fixer | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 4 | Heavy Equipment Driver. | 50 | 0 | 22574 | ६७,६१० | | | | | | | |
| 5 | Line Technicians | 10 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 6 | Masion | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 7 | Painter (Building/Wall) | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 8 | Piling Factory Workers | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 9 | PLASTER WORKER (MASON) | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 10 | Plumber | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 11 | Rebar Worker/Bender | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 12 | Site Supervisors | 10 | 0 | 24000 | ७१,८८१ | | | | | | | |
| 13 | Surveyor (Mech/Civil) | 10 | 0 | 23000 | ६८,८८६ | | | | | | | |
| 14 | Suttering Carpenter | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |
| 15 | Welder (Ironsmith) | 20 | 0 | 21690 | ६४,९६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २९ गते (12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ७०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# छुवाछूत र जातीय भेदभावको व्यावहारिक अन्त्य गरौं

**'जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस' बुधबार विभिन्न कार्यक्रम गरी मनाइयो । वि.सं. २०६३ जेठ २१ गते नेपाल सरकारले मुलुकलाई 'जातीय छुवाछूतमुक्त राष्ट्र' घोषणा गरेको दिनको सम्झनामा प्रत्येक वर्ष यो दिनलाई राष्ट्रिय दिवसका रूपमा मनाउन थालिएको हो । यस्तो घोषणा गरिएको १९ वर्ष पूरा भए पनि जातीय भेदभाव तथा छुवाछूतका घटना यथावत् छ । आज पनि सार्वजनिक ठाउँ, मन्दिर, होटेल, पसल, धारा पोखरी, पूजाआजा जस्ता ठाउँमा उनीहरूलाई निषेध गरिन्छ । यस्ता घटनामा कानुनी प्रक्रिया अपनाउन खोज्दा पीडितमाथि समाजकै विभिन्न तहबाट दबाब, धाक धम्की र अपमान सहनुपर्ने बाध्यता देखिएको छ । कतिपय घटनामा त मुद्दा दर्ता हुनुअघि नै मिलापत्र गराउन दबाब दिने प्रवृत्तिले पनि न्याय प्रक्रियामा अवरोध पुऱ्याएको छ ।**

**यसैगरी जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन, २०६८) जारी भएको पनि १४ वर्ष पूरा भएको छ । २०६८ जेठ १० गते व्यवस्थापिका संसद्को बैठकले सर्वसम्मतिबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' पारित गरेको थियो । तर ऐन कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । यस अवधिमा पानी, चुल्हो छोएको र अन्तरजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको तथ्यांक समता फाउण्डेसनले यसअघि सार्वजनिक गरेको थियो । फाउण्डेसनका अनुसार थप कयौं सामाजिक बहिस्करणमा परेका छन् ।**

**नेपालको कूल जनसंख्याको १३.४ प्रतिशत अर्थात् करिब ३९ लाख दलित छन् । तर सरकारी तहमै उनीहरूको प्रतिनिधित्व अत्यन्त न्यून छ । संघीय संसद्मा ७.१८ प्रतिशत, प्रदेशसभामा ५.४५ प्रतिशत, निजामती सेवामा २.३७ प्रतिशतमात्र दलित छन् । सर्वोच्च अदालतमा आजसम्म कुनै दलित न्यायाधीश छैनन् । शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि स्वामित्व, राजनीतिक पहुँचलगायतका सूचकहरूमा दलितहरू अन्य समुदायको तुलनामा धेरै पछाडि छन् । दलित बालबालिकाको साक्षरता दर ६७.२ प्रतिशतमा सीमित छ । डिग्निटी इनिसियटिभका अनुसार तराईका २७.५ प्रतिशत दलित बालबालिकाले त कहिल्यै विद्यालयको मुखसमेत देखेका छैनन् ।**

**मुलुकमा यति ठूलो राजनीतिक परिवर्तन आउँदा पनि विभेद तथा छुवाछूत हट्न नसक्नु विडम्बनाको विषय हो । विगतमा राज्यबाटै जात व्यवस्था कायम गरेर कसैलाई ठूलो, कसैलाई सानो, कसैलाई अछूत बनाइयो । जसको परिणाम मानव–मानवबीचमै विभेदको अवस्था सिर्जना भयो । मानव सबै एउटै हुन्, जात उसको पहिचान हो । तर, जातकै आधारमा विभेद गरिनु अपराध हो । यस्तो विभेद गर्नेमाथि अहिले कानुनीरूपमा दण्ड सजाय हुने व्यवस्था संविधानमै गरिएको छ । यद्यपि वर्षौंदेखिको यो भेदभाव तथा छुवाछूतको अवस्था गणतान्त्रिक व्यवस्थामा पनि हट्न सकेको छैन । छुवाछूत र जातीय विभेदको व्यावहारिकरूपमा अन्त्यका लागि प्रभावकारी तीनै तहका सरकारले कदम चाल्न जरुरी छ । साथै, राजनीतिक दल, नागरिक समाज, धार्मिक संघ संस्था, मानवअधिकारकर्मी तथा आमनागरिकले यसमा भूमिका खेल्नुपर्छ ।**

# व्यक्तिगत गोपनीयतासम्बन्धी कानुनी व्यवस्था



■ भक्तबहादुर खत्री

> मुलुकी अपराधसंहिता २०७४ को भाग ३ मा वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरूद्धको कसुरसम्बन्धी उल्लेख गरिएको छ । भाग-३ परिच्छेद १ मा गोपनीयताविरूद्धका कसुरअन्तर्गत दफा २ ९३ देखि ३०४ सम्म १२ किसिमका कामहरूलाई गोपनीयताविरूद्धका कसुरको रूपमा उल्लेख गरिएको पाइन्छ । जसमा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिविना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरूप बिगार्न नहुने, अनुमतिविना एकको तस्बिर अरूलाई दिन वा बिक्री गर्न नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुनेजस्ता कुराहरु छन् ।

'मुलुकी अपराध संहिता, २०७४' ले व्यक्तिका केही व्यवहार र कामकुराहरू गोप्य राख्नुपर्ने र त्यस्ता कुराहरूलाई कानुनलेसमेत संरक्षण गरिदिएको छ । कोही कसैबाट त्यस्ता कुराहरू उल्लंघन गरिएमा त्यसलाई कसुरको रूपमा लिएको र उल्लंघनकर्तालाई सजाय गरिने कानुनको व्यवस्था गरिएको पाइन्छ । जसलाई यो संहिताको भाग-३ मा वैयक्तिक गोपनीयता र प्रतिष्ठाविरुद्धको कसुर भनी उल्लेख गरिएको छ ।

मुलुकी अपराधसंहिता २०७४ को भाग ३ मा वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुरसम्बन्धी उल्लेख गरिएको छ । भाग-३ परिच्छेद १ मा गोपनीयताविरुद्धका कसुरअन्तर्गत दफा २९३ देखि ३०४ सम्म १२ किसिमका कामहरूलाई गोपनीयताविरुद्धका कसुरको रूपमा उल्लेख गरिएको पाइन्छ । जसमा अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिविना कुनै व्यक्तिको तस्बिर खिच्न वा तस्बिरको स्वरूप बिगार्न नहुने, अनुमतिविना एकको तस्बिर अरुलाई दिन वा बिक्री गर्न नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने, अरुको शरीर खानतलासी गर्न नहुने, हैरानी पार्ने बदनियतले चिठीपत्र लेख्न नहुने, चिठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुनेजस्ता कुराहरू छन् । यदि यस्तो गरिएमा गोपनीयताविरुद्धको कसुर गरेको मानिने र कानुनतः सजायको भागीदारसमेत हुनुपर्ने कुरा यो परिच्छेदमा उल्लेख गरिएको छ ।

दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीचमा भएको कुनै किसिमका कुराहरू, त्यसरी कुरा गर्ने व्यक्तिहरूको अनुमति वा अधिकार प्राप्त अधिकारीको अनुमतिविना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा ध्वनी अंकन गर्न हुँदैन भनी दफा २९३ मा भनिएको छ । अर्थात् अन्य व्यक्तिहरूले गरेको कुरा सुन्न र त्यस्ता कुराहरूको ध्वनी कुनै माध्यमले रेकर्ड गर्न हुँदैन । (तर सम्बन्धित व्यक्तिको (कुरा गर्ने व्यक्तिहरू) र अधिकार प्राप्त अधिकारीहरूको अनुमति प्राप्त भएमा भने त्यस किसिमको रेकर्ड गर्न हुन्छ ।) यदि यस्तो गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने कुरा यही दफाको उपदफा २ मा उल्लेख गरिएको छ ।

कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको गोप्य कुराहरू सम्बन्धित व्यक्तिको अनुमति र कानुनले बाध्य पारेको अवस्थामाबाहेक प्रकट गर्न हुँदैन, गरेमा एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने छ भनिएको छ ।

अनुमतिविना कसैको तस्बिर खिच्न र तस्बिरको स्वरूप बिगार्न हुँदैन, यदि यस्तो गरिएमा एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था दफा २९५ मा उल्लेख गरिएको छ । कसैको तस्बिर बिगार्न वा कसैको एक भागको तस्बिर अन्यहरूको अर्को भागको तस्बिरसँग जोडेर विकृत रूपको तस्बिर बनाउन र बिक्री गर्न हुँदैन । त्यस्तो गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने उल्लेख छ ।

अनुमतिविना कसैले कुनै व्यक्तिको तस्बिर अरुलाई दिएमा वा बिक्री गरिएमा वा झुक्याएर सताउने वा तस्बिरको आधारमा कसैलाई कुनै किसिमको अनुचित फाइदा लिन वा बिक्री वितरण गर्नु वा अन्य व्यापारिक दृष्टिले फाइदा लिनु हुँदैन । लिएमा तीन वर्षसम्म कैद वा ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ भनी दफा २९६ मा उल्लेख गरिएको छ ।

अरुहरूको चिठी खोल्न वा टेलिफोन गरेको कुरा सुन्न हुँदैन तर यस्तो काम सम्बन्धित व्यक्तिको वा अधिकार प्राप्त अधिकारीको अनुमतिबाहेक गरिएमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने वा दुवै सजाय हुने छ भनी दफा २९७ मा उल्लेख छ ।

छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने, कसैले आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न हुँदैन । सो गरेमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुने कुरा दफा २९९ मा उल्लेख गरिएको छ ।

विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुने सम्बन्धमा- कसैले विद्युतीय माध्यमद्वारा अनधिकृतरूपमा कुनै सूचना प्राप्त गर्न वा अनधिकृतरूपमा कसैलाई हस्तान्तरण गर्न हुँदैन । यस्तो गरिएमा दुई वर्षसम्म कैद २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गरिने व्यवस्था दफा २९८ मा गरिएको छ ।

हैरान पार्ने, डर त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले चिठीपत्र लेख्ने लेखाउने वा विद्युतीय माध्यममा सताउने, धम्की दिने, जिस्क्याउनेसम्मका कामहरू गर्न हुँदैन गरिएमा १० हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने छ भन्ने कानुनी व्यवस्था दफा ३०० मा गरिएको छ ।

त्यस्तै अरुको शरीरको खानतलासी गर्न नहुने- अधिकार प्राप्त अधिकारीको अनुमति र सम्बन्धित व्यक्तिको स्वीकृतिविना अरुको शरीर, सवारीसाधन र निजी प्रयोगका वस्तुहरूको खानतलासी गर्न वा गराउन हुँदैन । यदि गरिएमा एक वर्षसम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ भनी दफा ३०१ मा उल्लेख गरिएको छ ।

अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने- अधिकार प्राप्त अधिकारी वा निजको आदेशलेबाहेक कसैले अरुको घरमा सम्बन्धित घरधनीको स्वीकृतिविना अनधिकृतरूपमा प्रवेश गर्न र सो घरमा रहने घरधनी र निजका परिवारको गोपनीयता भंग गर्न वा घरको खानतलासी गर्न हुँदैन । त्यस्तो गरिएमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कुरा दफा ३०२ मा उल्लेख गरिएको छ ।

कसैले यस परिच्छेदबमोजिमको कसुर गरी कसैलाई कुनै किसिमको हानि नोक्सानी पुगेको रहेछ भने त्यसरी हानि नोक्सानी पुगेको क्षतिपूर्ति भराइ लिन पाउने कानुनी व्यवस्था रहेको छ । यस किसिमको कसुरबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कुरा भएको मितिले तीन महिनाभित्र उजुर गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

समग्रमा माथि उल्लिखित वैयक्तिक गोपनीयताविरुद्धका कसुरहरूलाई तीन भागमा विभाजन गर्न सकिन्छ । अर्काको चिठ्ठीपत्रको गोपनीयता भंग गर्न नहुने, अरुहरूले गरेको कुनै किसिमको संवादको रेकर्ड गर्न र सुन्न नहुने र व्यावसायिक कामको सिलसिलामा थाहा पाएको कसैको गोप्य कुराहरू कानुनले बाध्य पारेको अवस्था र सम्बन्धित व्यक्तिको अनुमतिविना प्रकट गर्न नहुने ।

दोस्रोमा कसैको निजी आवासमा वा शरीर वा निजी रूपमा प्रयोग गरिने चिज वस्तुमा प्रवेश गर्ने, खानतलासी लिने र गोप्यता भंग गर्ने काम कानुनद्वारा अधिकार प्राप्त व्यक्तिबाहेक अन्यले गर्न नहुने । तेस्रोमा अरुको फोटो खिच्न, अरुलाई दिन, व्यापारिक काममा प्रयोग गर्न र फोटोको स्वरूप बिगार्न वा अन्यहरूसँग जोडेर अर्कै आशयको अर्थ आउने र स्वरूप बिगार्न नहुने । यदि गरेमा वैयक्तिक गोपनीयता विरुद्धको कसुर गरेको मानिने कानुनी व्यवस्था गरिएको पाइन्छ ।

कसैले यस्तो कसुर गरेमा के गर्ने, उजुरी कहाँ लाग्छ भन्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १, मा २, मा र ३ मा यो भागलाई समावेश नगरिएकोले यहाँ उल्लेख गरेका कसुर कसैले गरेमा मर्का वा क्षति पुग्ने व्यक्तिले आफू रहेबसेको अर्थात् यस्ता कसुर भएको सम्बन्धित स्थानको वा जिल्लाको जिल्ला अदालतमा फिरादपत्रको रूपमा उजुरी दिने र कसुरबाट पुगेको क्षतिको पूर्ति कसुर गर्ने व्यक्तिबाट कानुनबमोजिम अदालतको आदेशबमोजिम लिन पाउने व्यवस्था भएको पाइन्छ ।

वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुरअन्तर्गत अर्को यही भाग ३ मा परिच्छेद २ मा गाली बेइज्जतिसम्बन्धी कसुर उल्लेख गरिएको छ । जसमा दफा ३०५ मा गाली गर्न नहुने र दफा ३०६ मा बेइज्जती गर्न नहुने भनिएको छ । कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानिने छ भनी दफा ३०५ (२) १ मा उल्लेख गरिएको छ । यस्तो काम गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना गरिने कानुनी व्यवस्था गरिएको पाइन्छ ।

त्यस्तै कसैको इज्जतमा धक्का पुऱ्याउने नियतले बोलीले, लेखेर वा आचरणद्वारा कसैको इज्जत, आचरण, चरित्र वा प्रतिष्ठामा आँच पुऱ्याएमा बेइज्जत गरेको मानिन्छ र यस्तो काम मृतक उपरसमेत गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था र यस्तो बेइज्जती विद्युतीय माध्यम वा आमसञ्चार माध्यमबाट गरेमा गराएमा थप एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना हुने कुरा दफा ३०६ मा उल्लेख गरिएको छ ।

*(लेखक अधिवक्ता हुन्)*

श्रम सरोकार

## अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छ:

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# नेताले भ्रष्टाचार गर्दैनन् भन्ने आभास दिन सक्नुपर्छ



■ हृदयराम थानी

वि.सं. २०५६ को र अहिलेको संसद् भिन्न छ । त्यसबेला र अहिले सदन सञ्चालनको तौरतरिका फरक छ । सूचना, सञ्चार प्रविधिको विकाससँगै संसदीय गतिविधिमा पनि परिवर्तन भएको छ । अहिले सदनमा सांसदले बोलेका विषय जनताले घरबाटै प्रत्यक्ष हेर्न र सुन्न पाउँछन् । सदन जनताको सर्वोच्च थलो बनेको छ । सांसद र सदनको मुख्य काम कानुन बनाउने हो । तर सांसदले विकास निर्माणको काम पनि गर्नपर्छ । जनताका आवाजलाई सदनमार्फत सरकारको ध्यानाकर्षण गराउने काम पनि गर्नै पर्छ । यद्यपि, सांसदले उठाएका जनताका सबै विषयवस्तु सरकारले कार्यान्वयन गर्छ भन्ने होइन ।

संविधान कार्यान्वयन जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । देशमा भ्रष्टाचार व्याप्त छ भन्ने आमगुनासो छ । नेपालमा भएका भ्रष्टाचारका घटनालाई ट्रान्सपरेन्सी इन्टरनेसनलले उजागर गर्दै आएको छ । त्यो हिसाबले हामी 'ग्रे लिस्ट'मा पनि परेका छौं । सुशासन कमजोर भएका कारण मुलुक यो अवस्था छ । नेपाललाई अहिले धेरै प्रकृतिको ऋण छ । यसको बारेमा जिम्मेवार शीर्ष नेताले गम्भीरतापूर्वक लिएर समस्या समाधान गर्नुपर्छ । अहिले भ्रष्टाचार कहाँ छ ? होइन, कहाँ छैन भन्ने परिस्थिति बनेको छ । जनतामा निराशा छाएको छ । नेताप्रति वितृष्णा छ ।

अहिले नेपालका मुख्य ठूला दल कांग्रेस र नेकपा एमालेको सरकार रहँदा पनि मुलुकले आशातीत गति लिन सकिरहेको छैन । यो सरकारले पनि जनताका समस्या समाधान हुन सकेन भने कुन सरकारले काम गर्न सक्छ ? त्यसकारण वर्तमान सरकारलाई काम नगर्ने छुट छैन । भ्रष्टाचारलगायत देशमा देखिएका विकृति र विसंगतिलाई सरकारले छिटो हिम्मतका साथ अन्त्य पहलकदमी लिनुपर्छ ।

विगतमा देशमै उत्पादन गर्दै आएका खाद्यान्न र तरकारीलगायतका अत्यावश्यक वस्तु पनि विदेशबाट आयात गर्नु परिरहेको छ । पहिलो कुरा, नेपाललाई कसरी कृषिबाट आत्मनिर्भर बनाउन सकिन्छ, त्यसका लागि सरकारको प्रस्ट दृष्टिकोण चाहिन्छ । हामी जल, जमिन, पर्यटन, जनशक्ति र जडीबुटीलगायतमा धनी छौं । यहाँको पानी यत्तिकै बगेर खेर गइरहेको छ । पर्याप्त बिजुली निकाल्न सकेका छैनौं । नेपाल प्राकृतिकरूपमा धनी छ । तर यी सबै कुराको सही व्यवस्थापन र सञ्चालन हुन सकेको छैन ।

किसानलाई मलको अभाव हुन नदिन रासायनिक मल कारखाना सञ्चालन गर्ने कुरा धेरै वटा सरकारले गरेको छ । त्यो कुरा वर्तमान सरकारले पनि नीति तथा कार्यक्रममा समावेश गरेको छ । तर मल कारखाना अहिलेसम्म खुलेको छैन । सिँचाइ र कृषिसँगै जोडेर लैजानुपर्ने छ । कृषिसँग सिँचाइ मन्त्रालय गाभ्दा उपयुक्त हुन्छ भन्ने लाग्छ । सरकारले किसानलाई समयमै बीउविजन, मल, सिँचाइ र बजारको व्यवस्थापन गर्नुपर्छ । त्यो हुन सकिरहेको छैन । हरेक वर्ष समयमा मल र बीउविजन पाइएन भन्ने किसानको गुनासो कायमै छ ।

मैले सुर्खेत निर्वाचन क्षेत्र नं २ को सवालमा जनतासमक्ष जे कुरा बोलेको थिएँ, इमान्दारिताका साथ ती विषय सम्बोधन गर्न सुरुआत गरिसकेको छु । तर, ती प्रतिबद्धता पूरा गर्नका लागि सरकारको मन्त्री हुनुपर्ने रहेछ । म मन्त्री भएको छैन । मन्त्रीलाई पैसा छैन भन्छन् । पहुँचका आधारमा निर्वाचन क्षेत्रमा बजेट लैजान्छन् । गत वर्ष कर्णाली प्रदेशअन्तर्गतका १० जिल्लामा साढे सात अर्ब बजेट विनियोजन भए पनि पहुँच नभएका कारण कुनै एउटा जिल्लालाई आठ करोड रूपैयाँमात्र दिइयो । सरकारले सबै जिल्लामा समानरूपमा बजेट व्यवस्था गर्नुपर्छ । म र मेरा मान्छेबाहेक अरुलाई पैसा नहाल्ने भन्ने हुनुभएन ।

वर्तमान सरकार गठनका क्रममा संविधान संशोधन गर्ने भनियो । अहिले प्रतिपक्ष दलले संसद् अवरोध गर्ने भनेको छ । यदि संविधान संशोधन गर्ने हो भने सबै राजनीतिक दललाई सहमतिमा ल्याउनुपर्छ । यसका लागि सर्वपक्षीय, सर्वदलीय सहमतिको आवश्यकता छ । त्यो भएको देखिँदैन । संविधान संशोधनको विषय हाल सात बुँदेमा र भाषणमा मात्र सीमित छ । प्रक्रिया अगाडि बढेको देखिन्न । प्रतिनिधिसभामा कांग्रेस एमालेको दुईतिहाइ हुनसक्छ तर राष्ट्रियसभमा त त्यो छैन । कम्तीमा सरकारले संविधान संशोधनका लागि पहल गरेको देख्नुपऱ्यो । अहिले नारामात्रै सीमित छ ।

मुख्यकुरा यो अहिलेको संघीय संरचनालाई बलियो बनाउन सबै राजनीतिक दल एक ठाउँमा आउनुपर्छ । संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको संख्या बढी भयो, घटाउनुपर्छ भन्ने तर्क आएको छ । तर यो विषयमा पहिले दलहरूबीच सहमति हुनुपर्छ । कम खर्चमा मुलुक चलाऊ भन्ने जनताको भनाइ ठीक छ । तर, त्यसतर्फ नेताको ध्यान पुगेको देखिँदैन । पहिला चर्चामा पनि आएको विषय राष्ट्रिय सभाको अध्यक्ष उपराष्ट्रपति हुने भन्ने थियो । त्यो राम्रो विषय हो । यस्ता विषयमा सबै राजनीतिक दल बसेर सल्लाह हुन जरुरी छ । कुनै एउटा पार्टी वा व्यक्तिको धारणाले मात्र संविधान संशोधन हुँदैन ।

विकासका हिसाबले हाम्रो देश पछि परेको छ । जनता भ्रष्टाचारदेखि दिक्क भएका छन् । कुनैबेला लाखमा भ्रष्टाचार हुने गरेकामा अहिले अर्बमा भइरहेको छ । नीतिगत भ्रष्टाचार भइरहेको छ । त्यसैले सबैभन्दा पहिला सबै मिलेर भ्रष्टाचार हटाउनुपर्छ । जनताको भावनाअनुसार अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । नेताहरूले भ्रष्टाचार गर्दैनन् भन्ने विश्वासको भावना जनतालाई दिलाउन सक्नुपर्छ ।

*(प्रतिनिधिसभा सदस्य थानीसँग राससले गरेको कुराकानीमा आधारित)*

धुलिखेल-खावा सडक

# पुनः ठेक्कामा जान अर्थको सहमति कुर्दै सडक डिभिजन

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** सडक डिभिजन कार्यालय भक्तपुर अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित निर्माणाधीन धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्यका लागि पुनःठेक्का आह्वान गर्न अर्थ मन्त्रालयको सहमति कुरेर बसेको छ । चार किलोमिटर उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका थिए ।



सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो । उक्त सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनपछि अदालतले निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने, धरौटी रकम जफतलगायत 'कारबाही नगर्न तथा हालको जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न' अन्तरिम आदेश दिएपछि खण्ड-खण्डको काममा अन्योलता छाएको थियो ।

अदालतको आदेशले पुनःठेक्का खोल्न कुनै बाधा नपर्ने कार्यालयका प्रमुख डिभिजनल सिनियर इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार सडक डिभिजन कार्यालय अर्थ मन्त्रालयको सहमति कुरेर बसेको छ । 'ठेक्का प्रक्रियाको सम्पूर्ण तयारी सकिएको छ, मन्त्रालयको सहमति आउनेबित्तिकै ठेक्का खोल्छौं, यसअघि मन्त्रालयका बजेटको तयारीमा लाग्दा यस विषयमा केही ढिला भएको हुनसक्छ,' योगेशले भने ।

जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार रूपैयाँमा ठेक्का लिएको थियो । ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन । पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माणको काम ठप्पप्रायः नै थियो ।

कार्यालयका अनुसार कम्पनीले लिखित स्पष्टीकरण दिए पनि सन्तोषजनक, भरपर्दो विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगिएको थियो । हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम गरिएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । गत जेठमा धुलिखेलतर्फबाट बेश, सब-बेस हाल्ने काम सुरु गरिए पनि पटक-पटकको वर्षामा सबै बगाएर खण्डहरझैं बनाएको थियो ।

समयमै निर्माण सम्पन्न नहुँदा सो राजमार्ग भएर गुड्ने सवारीसाधनका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा सयौं दुर्घटना हुँदा यात्री घाइते हुने गरेका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाइ कालोपत्र गर्न लागिएको थियो ।

उक्त सडकमा गुड्ने मालवाहक सवारीसाधनको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने योजना बनाएको थियो । अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा दोलखा, रामेछाप पुग्ने यही सडक हो । *रासस*

# क्यान्सरका बिरामीलाई निःशुल्क सेवा दिँदै अटोचालक

**चितवन–** यहाँका एक अटोचालकले क्यान्सरका बिरामीलाई निःशुल्क सेवा दिँदै आएका छन् । उनले हरेक दिन बिहान ७:०० देखि १०:०० बजेसम्म नारायणगढको पुल्चोकबाट बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालसम्म निःशुल्क सेवा दिँदै आएका हुन् ।



पर्साको ठोरी गाउँपालिका-१ का स्थायी बासिन्दा २६ वर्षीय आकाश अर्यालले क्यान्सरका बिरामीको सेवा गर्दै आएका हुन् । पश्चिम नेपालबाट रात्रि बसमा आएका बिरामीहरू बसबाट झर्नेबित्तिकै क्यान्सर अस्पतालसम्म पुग्न अटो चढ्नुपर्छ । विगत चार वर्षदेखि भरतपुरमा अटो चलाउँदै आएका उनले धेरै क्यान्सर बिरामीका कथा सुने । कतिपय बिरामीले उपचारमा सम्पत्ति सकिएको, औषधि किन्न पैसा नभएको, खाना र बस्न पनि समस्या भएको आफ्नो दुखेसो अटोमा चढ्दै गर्दा उनीसँग पोख्थे । उनले भने, 'मैले आफ्नो अटोबाट केही सहयोग गर्न सक्छु भने किन नगर्ने ? भनेर निःशुल्क सेवा सुरु गरेँ ।' यही सोचले उनले गएको मातातीर्थ औंसीदेखि निःशुल्क सेवा सुरु गरेका हुन् । उनले हरेक बिहान ७:०० देखि १०:०० बजेसम्म पुल्चोकबाट बिपी कोइराला क्यान्सर अस्पतालसम्म बिरामी र तिनका आफन्तलाई निःशुल्क दिँदै आएका छन् ।

उनले भने, 'बिहान धेरै बिरामी टोकन लिन अस्पताल पुग्छन्, त्यसैले मैले यो समय छानेको हुँ ।' पश्चिमबाट आउने बसहरूले धेरै बिरामी झार्ने उनको अनुभव छ । त्यसैले उनले पुल्चोकलाई आधार बनाएर सेवा दिएको बताए । बसमा नारायणगढमा झर्ने कतिपय बिरामी उनको अटो खोज्दै आउँछन्, त कतिपयलाई उनी आफैंले बस-बसमा गएर खबर गर्छन् ।

१० बजेपछि पनि कोही बिरामी भेटिए आफन्तसहित तीन जना छन् एकजना बिरामीको भाडा उनले लिँदैनन् । बाटोमा बूढाबूढी हिँडिरहेको देखे भने पनि उनले उनीहरूलाई निःशुल्क गन्तव्यसम्म पुऱ्याउँछन् । त्यसो त अन्य समयमा युवक अर्यालले व्यावसायिकरूपमा अटो चलाउँछन् र त्यही आम्दानीले परिवार चलाएका छन् ।

विदेश जाने तयारीमा रहेका युवक अर्यालले आफ्नो मामाको विदेश अनुभव सुनेपछि स्वदेशमा नै केही गर्ने अठोट लिएको सुनाए । उनले भने, 'आफ्नै देशमा बसेर आफ्नो काम गर्दै केही समय दुःखीको सेवा गर्न चाहन्छु ।' सेवाका लागि धन होइन, मन चाहिने दृष्टान्त उनले प्रस्तुत गरेका छन् । *रासस*


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
**महांकाल काठमाडौं**

**बिद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२२ गते)**

चालू आ.ब. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामानहरु विद्युतीय सिलवन्दी दरभाउपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NTrC/G/SQ/02-081/82 | The Procurement of Supply, Delivery and Installation of OT Table Electric | 1,000/- | 33,000/- | |

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस सेन्टरको फोन नं.०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**



**Kanepokhari Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bayarban, Morang, Koshi Province, Nepal**

**Invitation for E-bid**

**Date of Publication (First) : 2082/02/22 (05 JUNE 2025)**

1. **Kanepokhari Rural Municipality, Bayarban, Morang** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Kanepokhari Rural Municipality** invites E-bid from eligible bidders for following works under National Competitive Bidding. The bidding procedure will be as follows. The bidding procedure will be e-bidding only.
3. **Information to deposit the cost of bidding document in Bank:**
   **Rajaswa Khata No. (Revenue Account)**
   **Office Name:** Kanepokhari Rural Municipality, Bayarban, Morang
   **Bank Name:** NIC Asia Bank
   **Bank Address:** Ramailo Branch
   **Account Number:** 133CA50021460002 (Rajaswa)
   **For Security Deposit (Dharauti Khata) No.:** D3CA000455752407
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of. **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
4. Pre-bid meeting shall be held at **Kanepokhari Rural Municipality, Bayarban, Morang**
   **For Contract no. KRM/NCB/WORKS/09/081/82: 19 June, 2025 14:00**
5. The bidders shall submit their bid before
   **For Contract no. KRM/NCB/WORKS/09/081/82: 06 July, 2025 12:00**
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at
   **For Contract no. KRM/NCB/WORKS/09/081/82: 06 July, 2025 12:30**
   at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
6. Bid security must be valid for a period of **90 days** as stated below for after bid opening and must be accompanied by a bid amounting to a minimum of as specified below which shall be valid for **30 days** beyond the validity period **(i.e., 120 days)** of the bid after deadline of Bid submission date.
7. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
9. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Estimated Amount NRs. (excluding PS & VAT) | Bid Security (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|
| KRM/NCB/WORKS/09/081/82 | a) Constructon of Asphalt concrete work along Bihari tol to Bohora tol road. b) Approach road construction work at both side of Sitadhap Culvert & construction of drain at west side of dans khola truss bridge. c) Construction of drain at Ghaletol. & d) Construction of drain at Mainabari. | NRs. 1,56,42,149.75 | NRs. 525,000.00 | NRs. 3,000.00 |

**Chief Administrative Officer**



**Belauri Municipality**
**Office Of the Municipal Executive**
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Invitation for Bids No.: BELMUN/NCB/G/081/082-02**
**Date of publication: 04-06-2025 10:00**

1. ***Belauri Municipality***invites electronic bids from Nepalese eligible bidders for the ***Procurement of Firefighting Vehicle 4500 Liter Tank Capacity Belauri Municipalityunder*** National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost(Rs3000) of bidding document in theProject's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank — Name of Office: ***Belauri Municipality***
   Office Code no. :801077604 — Office Account no.: 4390100301010002
   Rajaswa (revenue) Shirshakno.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO websiteon ***04-07-2025 ,13:00.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***04-07-2025..***at the office of ***Belauri Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs.190000. *Nrs***which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक

बिहीबार, २२ जेठ, २०८२ (Thursday, June 05, 2025)

रूपशाला

## सेन्सर बोर्ड सदस्यमा पत्रकार गिरी नियुक्त

केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)मा रंगपत्रकार कुबेर गिरी नियुक्त भएका छन् । सञ्चार तथा सुचना प्रविधि मन्त्रालयको मन्त्री स्तरीय निर्णयबाट गिरी २ वर्षका लागि सेन्सर बोर्डको सदस्यमा नियुक्त भएका हुन् । करिब दुई दशकदेखि रंगपत्रकारितामा सक्रिय गिरी विभिन्न छापा, टेलिभिजन र अनलाइन सञ्चारमाध्यमसँग आबद्ध रहँदै आएका छन् । नेपाल टेलिभिजनका लागि करिब आधा दर्जन टेलिसिरियल, चलचित्र सम्बन्धी कार्यक्रम समेत निर्माण, निर्देशन गरेका गिरी चलचित्र पत्रकार सङ्घका केन्द्रीय उपाध्यक्ष पनि हुन् ।



# चलचित्रसम्बन्धी कानुन बनाउँदै बागमती प्रदेश सरकार

■ प्रभाव संवाददाता

**हेटौंडा–** बागमती प्रदेश सरकारले चलचित्र क्षेत्रलाई व्यावसायिक र व्यवस्थित गर्न चलचित्र सम्बन्धी कानुन निर्माण थालेको छ । प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयले चलचित्र सम्बन्धी विधेयक संसद्मा टेबुल गरेको हो ।

प्रदेश सरकार स्थापनाको ७ वर्षपछि उक्त विधेयक २०८२ वैशाख २८ गते प्रदेशसभा सचिवालयका दर्ता भएको थियो । उक्त विधेयक जेठ २० गते मंगलबार बसेको बैठकमा टेबुल गरिएको हो । मंगलबार बसेको प्रदेशसभाको बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले प्रदेश चलचित्र सम्बन्धी विधेयक संसद्मा टेबुल गरेका हुन् ।

संसद्मा टेबुल भएको उक्त विधेयक माथि संशोधन प्रस्ताव समेत माग गरिएको छ । विधेयक माथि संशोधन प्रस्ताव प्रस्तुत गर्न चाहनु हुने सांसदहरूले प्रदेशसभा नियमावली, २०७४ को नियम १११ को अधीनमा रही जेठ २३ गते शुक्रबार दिउँसो २ बजे भित्र कानुन तथा विधेयक शाखा वा प्रदेशसभा सचिवालयको इमेलमा सूचना दिन भनिएको छ ।

चलचित्र क्षेत्रलाई व्यवस्थित र प्रदेशको आम्दानीको स्रोत बनाउन प्रदेश चलचित्रसम्बन्धी विधेयक ल्याएको मन्त्री लामिछानेले बताए । चलचित्र क्षेत्र प्रदेशको अधिकार क्षेत्र भए पनि प्रदेशले मनोरञ्जन र विज्ञापनबाट न्यून आय गर्दै आएको उनको भनाई छ ।

स्थानीय तहले विज्ञापन र मनोरञ्जन करबाट आम्दानी गर्दै आए पनि प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्न आनाकानी गर्दै आएको उनले बताए ।



मन्त्री लामिछानेका अनुसार प्रदेशसभामा विधेयक पेस गर्दै प्रदेशको धार्मिक, सांस्कृतिक, भाषिक तथा भौगोलिक पहिचानलाई संरक्षण तथा सम्बर्द्धन गर्ने तथा प्रचारप्रसार गर्ने लक्ष्यसहित प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ अघि बढाइएको हो ।

प्रदेशको सञ्चित कोषलाई सुदृढ बनाइ समृद्धि र सुशासन हासिल गर्नु विधेयकको मूल लक्ष्य रहेको मन्त्री लामिछानेको भनाई छ । संसद्मा टेबुल भएको उक्त विधेयक माथि सैद्धान्तिक छलफलमा समेत सम्पन्न भएको छ ।

उक्त विधेयक माथि सांसदहरू रत्नप्रसाद ढकाल, सुरेन्द्रराज गोसाइ, दिनेशचन्द्र देवकोटा र छिरिङ दोर्जे लामाले धारणा राखेका थिए । छलफलमा भाग लिँदै सांसद ढकालले प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्र भएर पनि प्रदेशले उठाउनुपर्ने चलचित्र, मनोरञ्जन र विज्ञापनसम्बन्धी राजस्व कर उठाउन नसकेको अवस्थामा कानुन बनाउनु सकारात्मक भएको बताए । प्रदेश संरचनाले काम गर्न थालेको सात वर्ष बितिसकेको पछि उक्त क्षेत्रको राजस्व सङ्कलन तथा विकासलाई व्यवस्थित गर्ने गरी विधेयक अघि बढाउनु पर्ने उनले बताए । उनले विधेयकमा भएका कमी कमजोरी सुधार गर्ने र चलचित्र क्षेत्रको विकास तथा व्यवस्थापनमा काम गर्ने गरी कानुन निर्माण गर्नुपर्ने बताए ।

सांसद गोसाइले चलचित्र क्षेत्रको व्यवस्थित विकास र प्रवर्द्धनबाट प्रदेशलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने बताए । चलचित्र क्षेत्र सेवा उद्योगका रूपमा अगाडि बढाउन सकेको खण्डमा प्रदेशको आय आर्जनको राम्रो माध्यम हुने उनको भनाई छ । कला संस्कृति र परम्पराहरूलाई चलचित्रका माध्यमबाट प्रवर्द्धन गर्ने र त्यस बापत सरकारले राजस्व सङ्कलन गर्न सक्ने ठुलो अवसर रहेको उनले बताए ।

'हामीलाई मौलिक चलचित्र आवश्यक छ । यसलाई संस्कृति संरक्षण, मौलिक पहिचान प्रवर्द्धन गर्ने माध्यम बनाउनुपर्छ । चलचित्र संसारमा पुग्ने माध्यम पनि हो । चलचित्र क्षेत्रको व्यवस्थित विकास र प्रवर्द्धनबाट प्रदेशको आन्तरिक स्रोतमा उल्लेख्य वृद्धि हुनसक्ने देखिन्छ ।' उनले भने ।

सांसद देवकोटाले चलचित्र सम्बन्धी ऐन समयसापेक्ष र आवश्यकता अनुसार सरकारले अघि बढाएको बताए । चलचित्रलाई विकृति विसङ्गतिको क्षेत्र ठान्ने मानसिकता त्यागेर अवसर र सम्भावनाको क्षेत्रको रूपमा प्रवर्द्धन गर्नुपर्ने उनको भनाई छ । चलचित्रले नेपालको स्वाभिमानी, हाम्रो मौलिकताका पुरातात्त्विक सवाललाई विश्वमा पुर्याउने माध्यम रहेको उनले बताए । नेपालको पहिचान स्थापित गर्दै प्रदेशको आयस्रोत बढाउने माध्यम भएकाले कानुन आवश्यक रहेको उनले बताए ।

सांसद लामाका अनुसार चलचित्र व्यवसाय उद्योग भएको र अप्रत्यक्ष रोजगारी धेरै हुने क्षेत्र भएको बताए । चलचित्रलाई मनोरञ्जनमा मात्र सीमित नगरेर मौलिक सम्पदा र संस्कृतिको प्रचार गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने उनको भनाई छ ।

लामो समयदेखि चर्चामा रहेको दोलखाको डाङडुङे डाँडामा फिल्म सिटी निर्माणको योजना प्रदेशले कानुन बनाएपछि कार्यान्वयनमा लैजान बाटो खुल्ने बताए ।

# 'गजल गायनको स्वर्ण दशक' दोस्रो वर्षमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली शास्त्रीय गजल गायनको स्वर्ण दशक (२०८०-२०९०) दोस्रो वर्षमा प्रवेश गरेको छ । यस अभियानको प्रथम वार्षिकोत्सवका अवसरमा संगीतकार एवं गायक सन्तोष श्रेष्ठको संगीत र स्वरमा आधा दर्जन गजल प्रत्यक्ष गायन गरिएको छ ।

डा. भोजराज घिमिरे, देवेन्द्र के. सी. 'देवु', नारायण नेपाल, राधा कर्णेल, आँचलकुमार शर्मा र घनेन्द्र ओझाका गजल श्रेष्ठले प्रत्यक्ष गाएका हुन् । गजलकार, गजल अभियन्ता घनेन्द्र ओझा र विश्व कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले गत वर्ष १९ जेठ २०८१ मा यो अभियान घोषणा गरेका थिए ।

यसबीचमा काठमाडौंमा आधा दर्जन र काठमाडौंबाहिर करिब आधा दर्जन गजल गायनका कार्यक्रम भइसकेका अभियन्ता घनेन्द्र ओझाले बताए । उनले अब सातै प्रदेशमा यस अभियानलाई लगिने र यो दशकलाई नेपाली गजल गायनको साँच्चै स्वर्ण दशक बनाइने उल्लेख गरे ।

अर्का अभियन्ता सन्तोष श्रेष्ठले गजल गायनको स्वर्ण दशक अभियान भएकाले यसमा सबैको साथ, सहयोग, हौसला र प्रेरणा आवश्यक रहेको बताए । गजलकार करुण थापाले नेपाली गजल लेखनसँगै गायनमा पनि परिष्कृत हुनुपर्ने धारणा राखे । थापाले यो अभियानले लेखनसँगै गायनमा पनि परिष्कार र नयाँपन ल्याउने विश्वास व्यक्त गरे ।

गजलकार एवं संगीत मर्मज्ञ रवि प्राञ्जलले गजल लेखनमा निश्चित संरचना, विधिविधान हुने भन्दै तिनको पालना गरी लेखिएका गजललाई संगीतमा ल्याउनु चुनौती हुन सक्ने तर साधनाले त्यो सफल हुने भन्दै हौसला दिए । प्राञ्जलले गजल संगीतका विभिन्न तरिका र शैली हुन सक्ने बताए । गजलकार डा. भोजराज घिमिरेले यस्ता अभियानलाई संस्थागत गर्दै नयाँ पुस्ता समेटेर अघि बढ्न सुझाव दिए ।



# स्वदेश फर्कियो फुटबल टोली



**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय महिला फुटबल टोली मंगलबार राति स्वदेश फिर्ता भएको छ । दुई मैत्रीपूर्ण खेल खेल्न टोली थाइल्यान्ड पुगेको थियो । पथुम थानीस्थित थम्मासत रंगशालामा सोमबार सम्पन्न अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपाल २-० ले पराजित भएको थियो । त्यसअघि शुक्रबार 'क्लोज डोर'मा भएको अभ्यास खेलमा पनि नेपाल १-० ले पराजित भएको थियो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) का अनुसार टोली राति अबेर थाई एअरलाइन्सबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएको हो । नेपालले यही जुन २९ देखि उज्वेकिस्तानमा महिला एसियन कप छनोट खेल्दैछ । सोही प्रतियोगिताको तयारीस्वरूप नेपालले थाइल्यान्डसँग एक मैत्रीपूर्ण र एक अभ्यास खेल खेलेको हो । एएफसी एसिया कप छनोटमा नेपाल समूह 'एफ'मा छ । यो समूहमा नेपाल र आयोजक राष्ट्र उज्वेकिस्तानसँगै लाओस र श्रीलंका पनि छन् ।

# हाउण्ड्सलाई हराउँदै गोल्डेनगेट फाइनलमा

**काठमाडौं (प्रस)–** हाउण्ड्स एकेडेमीलाई हराउँदै गोल्डेनगेट बास्केटबल क्लब हिमालयन जाभा बास्केटबल लिग (एचजेबिएल) को फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको शीर्ष दुई टिमबीचको भिडन्तमा गोल्डेनगेटले हाउण्ड्सलाई ८१-७० ले हराएर एक खेलअघि नै फाइनलमा स्थान सुरक्षित गऱ्यो । ९ खेलबाट १७ अंक जोडेको गोल्डेनगेट शीर्ष स्थानमा छ ।

पहिलो खेलमा टाइम्ससँग पराजित भए पनि गोल्डेनगेटले त्यसयता लगातार ८ खेल जितेको छ । लिगमा गोल्डेनेगटले हाउण्ड्स विरुद्धको दुवै खेल जित्न सफल भयो । यसअघि गोल्डेनेटले हाउण्ड्सलाई ८०-७५ ले पराजित गरेको थियो ।

दोस्रो हार बेहोरेको हाउण्ड्स ९ खेलबाट १६ अंकसहित दोस्रो स्थानमा छ। अब हाउण्ड्सले लिगको अन्तिम खेलमा तेस्रो स्थानको टाइम्स बास्केटबल क्लबलसँग खेल्नेछ । फाइनल पुग्न हाउण्ड्सले उक्त खेल जित्नैपर्नेछ । यही टाइम्स विजयी भएमा दुवैको समान १७ अंक पुग्नेछ र यस्तोमा अंक स्कोरको आधारमा फाइनल पुग्ने टोलीको टुङ्गो लाग्नेछ ।

कीर्तिपुर कभर्डहलमा भएको खेलको पहिलो क्वाटरमा हाउण्ड्सले १८-१७ को अग्रता लिएको थियो । तर, त्यसपछि गोल्डेनगेटले खेलमा पुनरागमन गर्दै अग्रता लिएको थियो । गोल्डेनगेटले दोस्रो क्वाटर २७-१५ ले आफ्नो पक्षमा पारेपछि हाफ टाइमसम्म ४४-३३ को अग्रता बनायो ।

यस्तै, तेस्रो क्वाटरमा हाउण्ड्स खेलमा फर्कियो र १८-१४ ले आफ्नो पक्षमा पाऱ्यो। तर, चौथो क्वाटरअघि गोल्डेनगेटले नै ५८-५१ को अग्रता कायम राखेको थियो ।

चौथो तथा अन्तिम क्वाटरमा गोल्डेनगेटले २३-१९ को अग्रता बनाएपछि खेल जित्यो । गोल्डेनगेटका लागि अभिषेक सिंहले २२ अंक स्कोर गरे । यस्तै हाउण्ड्सका सौरभ श्रेष्ठले १८ अंक जोडे । गोल्डेनगेटका सुदीप पौडेल मोस्ट भ्यालुएबल प्लेअर घोषित भए ।

# आइपिएलको विजयोत्सव मनाउने क्रममा भागदौड: ११ को मृत्यु, ५० बढीभन्दा घाइते



■ प्रभाव संवाददाता

**हैदारावाद–** रोयल च्यालेन्जर्स बैंगलोरको विजयी परेडका क्रममा चिन्नास्वामी स्टेडियम नजिकै अचानक भागदौड मच्चिएको छ ।

उक्त भागदौडमा दुर्घटनामा परिणत ११ जनाको मृत्यु भइसकेको एनडिटिभीले जनाएको छ । दुर्घटनामा ५० भन्दा बढी गम्भिर घाइते भएका छन् । यो दुर्घटना बेंगलुरुको चिन्नास्वामी स्टेडियमको मुख्य गेट नजिक भएको हो । हजारौं मानिसको भिडका कारण भीड एक्कासी अनियन्त्रित भई अनियन्त्रित भएको बताइएको छ। अवस्था निकै खतरनाक बन्यो । घाइतेमध्ये धेरैको अवस्था चिन्ताजनक रहेको छ ।

हजारौं फ्यानहरू हतारमा विभिन्न गेटहरूबाट स्टेडियममा प्रवेश गर्न खोज्दा भागदौड भएको स्थानिय सञ्चारमाध्यमले जनाएका छन् । घटनास्थलमा उपस्थित प्रहरीले घाइतेहरूलाई एम्बुलेन्समा पुऱ्यायो र उनीहरूलाई नजिकैका विभिन्न अस्पतालमा भर्ना गरिएको थियो ।

सुरुमा सडक जामका कारण एम्बुलेन्स अस्पताल पुग्न नसकेको प्रहरीले जनाएको छ । अर्को घटनामा एक फ्यान स्टेडियममा हाम फाल्न गेट चढ्ने क्रममा लडेर खुट्टा भाँच्चिएको छ । बाक्लो संख्यामा प्रहरीको उपस्थिति भए पनि भीडलाई नियन्त्रण गर्न संघर्ष गरिरहेको देखिएको थियो । उत्सवको एक झलक लिन मानिसहरू रुखमासमेत चढेका थिए ।

भागदौडका कारण धेरै आरसीबी फ्यान स्टेडियम बाहिर बेहोस समेत भएका थिए । घटनास्थलमा सबै घाईतेहरूलाई अस्पताल पुऱ्याउन कैयौं एम्बुलेन्स खटाइएको छ । घटनास्थलमा उपस्थित मानिसहरूले पनि एक अर्कालाई सहयोग गरेका थिए भने कतिपयले घाइतेलाई सीपीआर दिएको पनि देखियो ।

कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाका राजनीतिक सचिव नासिर अहमदले यस घटनाको बारेमा भने कि भीड अचानक नियन्त्रण बाहिर गए पछि स्थिति सम्हाल्न गारहो भएको थियो । 'परिस्थितिलाई सम्हाल्ने प्रयास गरिरहेका छौं, तैनाथ सुरक्षाकर्मीको संख्या बढाइएको छ । उत्सव व्यवस्था गर्न समय नपाउँदा यो दुर्घटना हुन पुगेको छ,' उनले भने ।

कर्नाटक राज्य क्रिकेट संघले रोयल च्यालेन्जर्स बैंगलोरलाई आइपीएल २०२५ मा ऐतिहासिक जित हासिल गरेपछि एक अभिनन्दन समारोह आयोजना गरेको थियो, जसमा हजारौं रोयल च्यालेन्जर्स बैंगलोर प्रशंसकहरू आएका थिए ।



प्यालेस्टिनको पश्चिमी सहर नाब्लसमा ईद अल–अधा पर्वको पूर्वसन्ध्यामा ईदको परिकार बिक्रीका लागि मिलाउँदै एक प्यालेस्टिनी बिक्रेता ।
*तस्बिर: सिन्ह्वा*

# दक्षिण कोरियाको राष्ट्रपतिमा जे-म्यूङ निर्वाचित

## उत्तर कोरियासँगको 'घाउ निको पार्ने' प्रतिबद्धता



**सियोल–** दक्षिण कोरियाका नवनिर्वाचित राष्ट्रपति ली जे-म्युङले आणविक शक्ति सम्पन्न उत्तर कोरियासँग सम्पर्क गरेर 'घाउ निको पार्ने' प्रतिबद्धता व्यक्त गरेका छन् । दक्षिण कोरियाका नयाँ मध्यमार्गी वामपन्थी नेताले 'बढ्दो संरक्षणवाद र आपूर्ति शृंखलाको पुनर्संरचना' ले एसियाको निर्यातमा निर्भर चौथो ठूलो अर्थतन्त्रका लागि अस्तित्वको खतरा उत्पन्न गरेको चेतावनी पनि दिएका छन् ।

मध्यावधि निर्वाचनमा लीले पूर्वराष्ट्रपति युन सुक योलको पूर्वपार्टी कञ्जरभेटिभ पार्टीका नेता किम मुन-सोलाई पराजित गर्दै विजयी भएका हुन् । निर्वाचनमा लीले ४९.४ प्रतिशत मत प्राप्त गरेका छन् भने उनका निकटतम् प्रतिस्पर्धी किमले ४१.२ प्रतिशत मत प्राप्त गरेका छन् । किमले पार्टीमा आन्तरिक कलह र तेस्रो पक्षका उम्मेदवारले दक्षिणपन्थी मत विभाजन गरेका कारण आफ्नो पराजय भएको बताएका छन् ।

निर्वाचित भएलगत्तै लीले दक्षिण कोरियाका शीर्ष सैन्य कमाण्डरसँग कुरा गरी बुधबार औपचारिकरूपमा देशको सशस्त्र बलको सञ्चालन नेतृत्व ग्रहण गरेका छन् । उनले प्योङयाङको उक्साहटविरूद्ध 'तत्परता' कायम राख्न पनि शीर्ष सैन्य कमाण्डरलाई आग्रह गरेका छन् । उनले भने, 'हामी विभाजन र युद्धको घाउ निको पार्ने छौं र शान्ति र समृद्धिको भविष्य स्थापित गर्ने छौं । जतिसुकै मूल्यमा पनि युद्धभन्दा शान्ति राम्रो हो ।'

उनले उत्तर कोरियाली प्रायद्वीपमा शान्ति स्थापनाका लागि सञ्चार माध्यम खोल्ने र वार्ता र सहकार्यलाई अगाडि बढाउने क्रममा उत्तर कोरियाको आणविक र सैन्य उक्साहटलाई रोक्ने बताएका छन् । अमेरिकाले दक्षिण कोरियाको महत्त्वपूर्ण स्टिल र आल्मुनियम निर्यातमा ५० प्रतिशत कर लगाउने तयारी गरिरहेका समय करको घोषणा गर्नुभन्दा केही घण्टाअघि लीले पदभार ग्रहण गरेका छन् ।

'बढ्दो संरक्षणवाद र आपूर्ति शृंखलाको पुनर्संरचनाजस्ता विश्व व्यवस्थामा भएका तीव्र परिवर्तनले हाम्रो अस्तित्वमाथि नै खतरा उत्पन्न गरेको छ,' लीले भने । दक्षिण कोरियाको स्टक बजार र मुद्राले चुनावको नतिजाप्रति सकारात्मक प्रतिक्रिया देखाएको छ । बुधबार मुख्य स्टक बजार कोस्पी र कोरियाली मुद्राको मूल्यमा उच्च वृद्धि देखिएको छ ।

### महत्त्वपूर्ण प्रस्थान

कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका वरिष्ठ विश्लेषक होङ मिनले उत्तर कोरियाबारे लीको टिप्पणी उनका पूर्ववर्ती युनको टिप्पणीभन्दा 'महत्त्वपूर्ण प्रस्थान' भएको बताएका छन् । होङले एएफपीसँग भने, 'यसले 'वार्ताको माध्यमबाट असहमति समाधान गर्ने उनको इच्छा' लाई संकेत गर्छ ।' 'प्योङयाङले कस्तो प्रतिक्रिया जनाउँछ त्यो हेर्न बाँकी नै छ, तर लीले उत्तर कोरियाप्रति फरक दृष्टिकोण देखाएको छ,' उनले भने ।

युनले नागरिक शासनलाई निलम्बन गर्ने प्रयास गरेको रात सशस्त्र सेना तैनाथ गरेका स्थान नेसनल एसेम्ब्ली (प्रतिनिधिसभा) मा लीले एक सामान्य उद्घाटन समारोह आयोजना गरेका छन् । नियमितरूपमा निर्धारित निर्वाचनपछि आयोजना हुने ठूला सभा वा कार्यक्रमहरूको विपरीत बुधबारको उद्घघाटन समारोहमा अतिथिहरूको पातलो उपस्थिति रहेको थियो ।

राष्ट्रपति पद तथा गोपनीयताको शपथपछि उनले राष्ट्रपति कार्यालयको चिफ अफ स्टाफ, प्रधानमन्त्री र नेसनल इन्टेलिजेन्स सर्भिसको निर्देशकको रूपमा कसलाई नियुक्त गर्ने भन्ने विषयमा केन्द्रित रहेर निकटस्थहरूसँग छलफल गर्ने छन् ।

यस दिनको अन्त्यमा विश्वका नेताहरूबाट बधाइ फोन कलहरूको हुलहुज्जत हुने अपेक्षा गरिएको छ, जसमा ट्रम्प लाइनमा पहिलो हुने सम्भावना छ । उनले निर्वाचनप्रति खुसी व्यक्त गर्दै चिनियाँ राष्ट्रपति सी चिनफिङ र अमेरिकी विदेशमन्त्री मार्को रूबियाले बधाइ ज्ञापन गरेका छन् । ट्रम्पका उच्च कूटनीतिज्ञ मार्को रुबियोले 'साझा मूल्य मान्यता र गहिरो आर्थिक सम्बन्ध'लाई उद्धृत गर्दै एक वक्तव्यमा सियोलसँग वासिङ्टनको गठबन्धन 'मजबूत' रहेको बताएका छन् ।

लीको दलले पहिले नै संसदीय बहुमत प्राप्त गरिसकेको छ यसको अर्थ उनी आफ्नो विधायिकी एजेण्डा पूरा गर्न आगामी तीन वर्षका लागि सुरक्षित र सक्षम हुने छन् । *रासस/एएफपी*

## चीन, भारत, जापान र अमेरिकको बधाइ


**सियोल–** चीनका राष्ट्रपति सी चिनफिङले बुधबार लीलाई बधाइ दिँदै 'चीन-दक्षिण कोरिया सम्बन्धको विकासका लागि ठूलो महत्त्व' मा जोड दिएका छन् । चिनियाँ राष्ट्रपति सीले भने, 'चिनियाँ पक्ष दक्षिण कोरियाली पक्षसँग काम गर्न इच्छुक छ । नवनिर्वाचित दक्षिण कोरियाली राष्ट्रपति लीले असल छिमेकी मित्रताको दिशालाई दृढतापूर्वक कायम राख्नुहुने छ । पारस्परिक लाभ र जितको लक्ष्यमा अडिग रहनुहुने छ ।'

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सियोलसँगको सम्बन्धलाई थप मजबुत बनाउन चाहेको बताएको भारतीय समाचार संस्था एएनआईले जनाएको छ । उनले दक्षिण कोरियाको राष्ट्रपतिमा निर्वाचित भएकोमा ली जे-म्युङलाई बधाइ दिँदै भारत-दक्षिण कोरियाको 'विशेष रणनीतिक साझेदारी' लाई 'विस्तार र सुदृढ' बनाउन उनीसँग मिलेर काम गर्ने इच्छा पनि व्यक्त गरेका छन् । उनले लेखेका छन्, 'ली जे-म्युङलाई गणतन्त्र कोरियाको राष्ट्रपतिमा निर्वाचित हुनुभएकोमा बधाइ । हामी भारत-दक्षिण कोरिया विशेष रणनीतिक साझेदारीलाई थप विस्तार र सुदृढ गर्न सँगै काम गर्न उत्सुक छौं ।'

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले पनि नवनिर्वाचित दक्षिण कोरियाली राष्ट्रपति लीलाई बधाइ दिँदै सियोल र टोकियोबीच सहकार्यलाई ऊर्जा प्रदान गर्न चाहेको बताएका छन् । त्यसैगरी, ट्रम्पका उच्च कूटनीतिज्ञ मार्को रुबियोले अमेरिकी विदेशमन्त्रीले 'साझा मूल्य मान्यता र गहिरो आर्थिक सम्बन्ध'को हवाला दिँदै सियोलसँग वासिङ्टनको 'फलामे (मजबुत) गठबन्धन' रहेको बताएका छन् ।

यसअघि ह्वाइट हाउसद्वारा विज्ञप्तिमा निर्वाचनलाई 'स्वतन्त्र र निष्पक्ष' भनिएको थियो । विज्ञप्तिमा संयुक्त राज्य अमेरिका विश्वभरका लोकतन्त्रहरूमा चिनियाँ हस्तक्षेप र प्रभावप्रति चिन्तित रहेको र यसको विरोधमा रहेको पनि उल्लेख गरिएको छ । *रासस/एएफपी*

# जापानमा जन्मदर निरन्तर घट्दै, गत वर्ष सात लाखभन्दा कम शिशुको जन्म




**टोकियो–** जापानमा गत वर्ष पहिलोपटक सात लाखभन्दा कम शिशुले जन्म लिएको बुधबार सार्वजनिक सरकारी तथ्यांकले देखाएको छ । जापानले सन् २०२४ मा छ लाख ८६ हजार ६१ नवजात शिशुलाई स्वागत गरेको छ । यो सन् २०२३ को तुलनामा ४१ हजार २२७ ले कम हो । यो संख्या सन् १८९९ मा रेकर्ड सुरु भएयताकै सबैभन्दा कम जन्मदर हो ।

विश्व बैंकका अनुसार कूल जनसंख्याको आधारमा औसतमा हेर्दा विश्वको सबैभन्दा धेरै वृद्ध व्यक्तिहरूको जनसंख्या भएको देश मोनाको हो भने दोस्रो स्थानमा जापान रहेको छ । प्रधानमन्त्री शिगेरु इशिबाले स्थितिलाई 'शान्त आपत्कालीन अवस्था' को संज्ञा दिँदै यस प्रवृत्तिलाई उल्टाउन प्रयास गर्न थप लचिलो कार्य घण्टाजस्ता परिवार-अनुकूल उपायहरूको प्रतिज्ञा गरेका छन् ।

जापानको स्वास्थ्य मन्त्रालयको बुधबारको तथ्यांकअनुसार जापानको कूल प्रजननदर (एक महिलाले बच्चा जन्माउने औसत संख्या) पनि १.१५ मा झरेको छ । जापानमा सन् २०२४ मा १६ लाख मानिसको मृत्यु भएको छ, जुन अघिल्लो वर्षको तुलनामा १.९ प्रतिशतले बढी हो । जनसंख्याका हिसाबले खुम्चिँदै गएका गाउँहरूमा वृद्धहरू झन्-झन् एक्लो हुँदै गएपछि प्रधानमन्त्री इशिबाले ग्रामीण क्षेत्रहरूको पुनरुत्थानका लागि आह्वान गरेका छन् ।

जापानको आन्तरिक मामिला मन्त्रालयका अनुसार जापानमा २० हजारभन्दा बढी समुदायका अधिकांश बासिन्दा ६५ वर्ष वा सोभन्दा माथिका छन् । झण्डै १२ करोड ३० लाख जनसंख्या भएको यो देशले वृद्ध उमेर भएका व्यक्तिको जनसंख्या बढ्दै जाँदा कामदारको चरम अभावको सामना गरिरहेको छ । सरकारले यस समस्यालाई समाधान गर्न अपनाएको अपेक्षाकृत कडा अध्यागमन नियमले वृद्ध जनसंख्यालाई सहयोगका लागि आवश्यक राहत दिन सकेको छैन ।

छिमेकी मुलुक दक्षिण कोरियामा सन् २०२४ मा प्रजननदर जापानको तुलनामा अझै कम अर्थात् ०.७५ प्रतिशत रहेको छ । यो विश्वकै सबैभन्दा कममध्येको एक हो तर विवाहमा भएको वृद्धिका कारण अघिल्लो वर्षको तुलनामा सन् २०२४ मा जन्मदरमा सामान्य वृद्धि भएको छ । *रासस/एएफपी*

# गाजामा २०० पत्रकार तथा मिडियाकर्मीको मृत्यु : इएफजे




**बुडापेस्ट–** युरोपेली पत्रकार महासंघ (इएफजे)ले इजरायली आक्रमणलाई पत्रकारहरूमाथिको अकल्पनीय नरसंहार भन्दै सन् २०२३ अक्टोबरदेखि गाजामा आक्रमणको क्रममा २०० पत्रकार तथा मिडियाकर्मीको हत्या भएको जनाएको छ ।

बुडापेस्टमा दुई दिनको बैठकपछि बुधबार जारी गरिएको विज्ञप्तिमा इएफजेले गाजामा पत्रकारसहित सर्वसाधारणमाथि भएको घातक हमलाको निन्दा गरेको छ । संयुक्त घोषणापत्रमा ४७ युरोपेली देशहरूमा इएफजेका १२० सदस्यहरूले हस्ताक्षर गरेका छन् ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायले इजरायली आक्रमणलाई नरसंहारको रूपमा वर्णन गरिरहेको बेला इजरायली सेनाले युद्ध अपराधका साक्षीहरूलाई चुप गराउन गाजामा मिडिया बन्द गर्न खोजिरहेको विज्ञप्तिमा उल्लेख छ । पत्रकारका रूपमा मौलिक मानवअधिकार प्रेस स्वतन्त्रताका लागि उनीहरूको अक्रमण्यताको निन्दा गर्दै पीडित प्यालेस्टिनी सहकर्मीहरूसँग एकता व्यक्त गरी अधिकारको माग गर्नु पत्रकारको कर्तव्य भएको इएफजेले बताएको छ ।

इएफजेले मिडिया व्यवसायी र पत्रकारहरूलाई युरोपेली प्रतिक्रियामा आफ्ना प्यालेस्टिनी सहकर्मीसँग एकताबद्ध भई प्रतीकात्मक सतर्कता आयोजना गर्न आह्वान गरेको छ । बैठकले इयू निर्देशक समितिलाई प्यालेस्टिनी पत्रकारहरूको सुरक्षा गर्न र मध्य पूर्वमा सूचनाको स्वतन्त्रताको ग्यारेण्टी गर्न सबै इयू संस्थाहरूसँग मिलेर हस्तक्षेप गर्न पनि आह्वान गरेको छ । *रासस/क्युएनए*

**Mahendranagar Secondary School**
**Mahendranagar, Kanchanpur**

**Invitation for E-Bid**

**(Date of Publication: 2082/02/22)**

1. Mahendranagar Secondary School, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT & Contengencies) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 02/CLB/NCB/ 2081/082/ Kan-Phase II | Construction of Lab building - Phase II (Second Storey) | NPR- 98,34,392.92 | NPR- 3,05,000.00 | 3,000.00 | 22nd Asar 2082 At 12:00 PM | 22nd Asar 2082, 13:00 PM |

2. Eligible Bidders may obtain further information Mahendranagar Secondary School, Mahendranagar, Kanchanpur (Mobile No.- 9848723078) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Principal**

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९३२०० | प्रति तोला - ० | प्रति तोला - २०७५ |

## प्रधानमन्त्री ओली र निर्यात व्यवसायी महासंघ प्रतिनिधिबीच भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष निर्यात व्यवसायी महासंघ नेपालले निर्यात वृद्धि गरी राष्ट्रि पुँजीको निर्माण, रोजगारवृद्धि र आयात प्रतिस्थापनका विषयमा विभिन्न सुझावहरू बुझाएको छ।

महासंघका नवनिर्वाचित अध्यक्ष गोविन्दप्रसाद घिमिरे नेतृत्वको टोलीले प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई सात बुँदे सुझावपत्र बुझाएको हो। महासंघले अर्थतन्त्र ओरालो लागेका बेला आगामी आर्थिक वर्षको नेपाल सरकारको बजेटमा आर्थिक वृद्धि र निर्यात व्यवसायलाई प्राथमिकता दिने रणनीतिहरू कार्यान्वयनका लागि आग्रह गर्दै सम्बोधन हुन छुट भएका विषयमा ध्यानाकर्षण गराएको छ।

महासंघका अध्यक्ष घिमिरेले अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माणलाई छिटो सम्पन्न गरी विदेशी क्रेताहरूलाई नेपाल ल्याउन माग गरिएको छ। यस्तै लगानी वृद्धि र पर्यटन आकर्षणका लागि सन् २०२६ देखि २०३० सम्मलाई निर्यात वर्ष घोषणा गरी सरकार र निजी क्षेत्रको सहकार्य बढाउन आग्रह गरिएको छ।

सुझावहरू ग्रहण गरेपछि प्रधानमन्त्री ओलीले महासंघको नयाँ नेतृत्वलाई बधाई दिँदै आर्थिक वृद्धि, रोजगारी र पर्यटक वृद्धिजस्ता विषयलाई सरकारले उच्च महत्व दिएकाले निर्यात व्यवसायीहरूका उचित सुझावलाई सम्बोधनको पहल गरिने विश्वास दिलाए। उनले विद्यमान स्थितिमा निर्यात व्यवसायीलाई धेरै प्रोत्साहन दिन नसके पनि सम्भव र व्यवहारिक विकल्पमा साझा प्रयास गर्न गरिने आग्रह गरे।

## ‘स्रोतलाई प्रभावकारी ढंगले उपयोग गर्ने बजेट आएको छ’

### बजेट अनुशासनका दृष्टिकोणले स्रोतको सही व्यवस्था गर्नेगरी पुँजीगत खर्चका लागि बजेट व्यवस्थापन

■ प्रभाव संवाददाता



**पाटन–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्रोतलाई प्रभावकारी ढंगले उपयोग गर्नेगरी आर्थिक वर्ष २०८२/८३ को बजेट आएको बताएका छन्।

नेपाल पूर्वाधार पत्रकार समाजले आयोजना गरेको बजेटमा पूर्वाधार क्षेत्र र कार्यान्वयन विषयक पूर्वाधार छलफलमा उनले पूर्वाधार निर्माणमा देशको आवश्यकता र उपलब्ध स्रोतको बीचमा रहेर स्रोतको दुरूपयोग हुन नदिने गरी बजेट निर्माण भएको जानकारी दिए।

‘पूर्वाधार निर्माणमा सबैले भोग्दै आएको समस्या समाधानका लागि केही सुधारका प्रयास गरेका छौँ, यी सुधार आगामी दिनमा परिणाममुखी बन्न सकोस्, बजेट एउटा अंकको दस्तावेज मात्रै हो, यसको विश्वसनीयतामाथि प्रश्न नउठ्ने गरी यथार्थमा आधारित रहेर बजेट आएको छ, आलोचना सुन्नुपरेको छैन’, उनले भने।

उपप्रधानमन्त्री पौडेलले बजेट अनुशासनका दृष्टिकोणले स्रोतको सही व्यवस्था गर्नेगरी पुँजीगत खर्चको लागि बजेट व्यवस्थापन गरिएको छ भने। ‘हामीले विगतमा साधारण खर्चलाई वृद्धि गर्दै आएका थियौँ, त्यसलाई निश्चित सीमामा बाँध्न कठिन प्रयास गरिएको छ, सार्वजनिक खरिद ऐनको विषयमा लामो समयदेखि चर्चा चल्ने गरेको छ, केही समय अगाडि भएको १४औँ संशोधनले केही कुराहरू समाधान गरेको छ, सबैका सुझाव संकलन गरेर नेपालको निर्माण क्षेत्र सार्थक रूपमा अगाडि बढ्न सकोस् भन्ने गरी संशोधन गर्न तत्पर छौँ’, उनले भने।

उनले निर्माण सामग्रीको अभावमा निर्माणका कामहरू प्रभावित बन्नुहुँदैन भन्दै वातावरणीय अध्ययन गरेर उपयुक्त स्थानबाट मात्रै खानीजन्य र नदीजन्य सामग्रीहरू उत्खनन गर्छौं भने। उनले विकासका ठूला आयोजनाका लागि बजेटले वैकल्पिक विकास वित्तको प्रयोग गर्नेगरी व्यवस्थापन गरेकाले सोहीअनुसारका कानुन संसद्बाट पारित हुने विश्वास व्यक्त गरे।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले विगतको तुलनामा यस आर्थिक वर्षको बजेटमा पुँजीगत खर्च वृद्धि भए पनि आशातीत रूपमा वृद्धि हुन् नसकेको बताए। ‘सरकारले यस वर्षको बजेटमा चालु खर्च नियन्त्रण गर्न नसकेको देखिन्छ, पुँजीगत खर्च वृद्धि नगरी राजस्वको लक्ष्य र आर्थिक वृद्धिदरको प्रक्षेपणअनुसारको उपलब्धि प्राप्त हुन सक्दैन, अत्यन्तै न्युनतम मूल्यमा ठेक्का हत्याउने र कार्टेलिङ गरेर ठेक्कामा कब्जा गर्ने पद्धति मुलुककै लागि दुर्भाग्य भएको छ, यस्ता प्रवृत्तिलाई अन्त्य गरिनुपर्छ, ऐन, नियम र कानुनका भएका कमीकमजोरी सुधार गर्नुपर्ने, जिम्मेवारीमा रहेर पनि पदीय दायित्व पूरा नगर्ने कर्मचारीमाथि कारबाही गरिनुपर्ने, आयोजना सम्पन्न भएपछि सहजै बैंक ग्यारेन्टी प्राप्त गर्नसक्ने व्यवस्था गरिनु आवश्यक छ,’ उनले भने।

नेपाल सरकारका पूर्वसचिव अर्जुनजंग थापाले पूर्वाधार निर्माण गर्दा आयोजनाको तयारी गरेर मात्रै लगानी गर्नुपर्नेमा ध्यानाकर्षण गराए। ‘देशको कूल गाहस्र्थ्य उत्पादन वृद्धि हुँदै गए पनि यथार्थता पुँजीगत खर्च कम हुँदै गएको छ, स्रोतको यकिन नहुँदा बजेटमा समस्या छ, गत वर्ष ५ दशमलव २९ प्रतिशत बजेट पूर्वाधार क्षेत्रमा लगानी भएको थियो, यस वर्ष पनि पूर्वाधार क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन सकेन, सरकारको कार्यसम्पादन क्षमता, राजस्व संकलन क्षमता र निकासा गर्ने पद्धति कमजोर रहेको छ, भत्किएका राजमार्ग पुनर्निर्माणमा यथेष्ट बजेट विनियोजन नभएको अवस्था छ,’ उनले भने।

उनले संघीयताको मर्मविपरीत केन्द्रीय तहबाट वडास्तरीय सडकको निर्माणमा ध्यान दिने हैन भन्दै खरिद प्रक्रियालाई नियन्त्रणमुखीभन्दा पनि परिणाममुखी बनाइनुपर्छ भन्नेमा जोड दिए। पूर्वाधार पत्रकार समाजका अध्यक्ष सुनिता कार्कीले भौतिक पूर्वाधार क्षेत्रसँग जोडिएका समस्या, सम्बन्धित मन्त्रालय, योजना आयोग र राष्ट्र बैंकको भूमिकाको विषयमा छलफल गरेर समाधान निकाल्नका लागि यो छलफल आयोजना गरिएको बताइन्।

## बंगलादेशबाट आयात चार अर्ब ७५ करोड, निर्यात ३५ करोड

■ प्रभाव संवाददाता

**भद्रपुर–** आर्थिक वर्ष २०८१/८२ को वैशाख महिनासम्ममा काँकडभिट्टा हुँदै बंगलादेशबाट रु चार अर्ब ७५ करोड आठ लाख छ हजार ८७१ बराबरको मालसामान आयात भएको छ। नेपालबाट रु ३५ करोड ६२ लाख ९७ हजार ८२७ बराबरका उत्पादन बंगलादेश निर्यात भएका छन्।

काँकडभिट्टास्थित नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय प्रमुख सुवास पाण्डेयका अनुसार बंगलादेशबाट सवैभन्दा धेरै रु एक अर्ब ७८ करोड ४२ लाख बराबरको अप्रशोधित जुट आयात भएको छ। यसैगरी, आयात भएका अन्य वस्तुमा ब्याट्री, पोल्ट्री फिड सप्लिमेन्ट, कस्मेटिक आइटम, हाइड्रोजन प्याराअक्साइड, जुट यार्न, विद्युतीय उपकरण, औषधि, आलु, पेपर, ग्लास, फुड एण्ड वेभरेजलगायतका सामग्री रहेका छन्। काँकडभिट्टाबाट रु ३० करोड २७ लाख ७९ हजार बराबरको खुदो बंगलादेश निर्यात भएको छ। यहाँबाट अन्य जडीबुटी, अनिमल फिड, घरायसी सामान निर्यात भएका कार्यालय प्रमुख पाण्डेयले बताए।

## कर्पोरेट

### सिटिजन्स् बैंक र लाइफ क्युइस्ट क्लिनिकल ल्याबबीच समझदारी



**काठमाडौं (प्रस)–** सिटिजन्स् बैंक इन्टरनेसनल लिमिटेड र पानीपोखरी, काठमाडौं स्थित लाईफ क्युइस्ट क्लीनिक ल्याब प्रा.ली.बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारी पत्र अनुसार सिटिजन्स् बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले लाईफ क्युइस्ट क्लीनिक ल्याब प्रा.ली मा २० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स् बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

### सिद्धार्थ बैंकका ग्राहकलाई गोल्डेन हस्पिटलमा छुट

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र गोल्डेन हस्पिटल प्रा. लि. बीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ। विराटनगरमा सम्पन्न एक विशेष समारोहमा गोल्डेन हस्पिटल प्राइभेट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मो. जियाउल हक र सिद्धार्थ बैंक लिमिटेडका विराटनगर शाखा प्रबन्धक सूर्य प्रसाद शर्माबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो।




सम्झौता अनुसार बैंकका ग्राहकहरूले बिराटनगर स्थित गोल्डेन हस्पिटलमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सकिने जनाइएको छ। सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ। यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा खुल्ला रहने ग्राहक सेवा केन्द्र, ‘सिद्धार्थ केयर’ मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिनेछ।

## ‘बजेट कार्यान्वयन व्यवस्थित बनाउनुपर्छ’

**काठमाडौं (प्रस)–** राष्ट्रियसभा बैठकमा सांसदहरूले बजेट कार्यान्वयन र सुशासनको पाटोलाई क्रियाशील र व्यवस्थित बनाउन सरकारले ध्यान दिनुपर्ने बताएका छन्। बैठकमा सांसदहरूले राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्दै बजेटले निम्न वर्गीय तथा पछाडि पारिएका वर्गलाई सम्बोधन गर्न नसक्ने प्रतिक्रिया दिए।

सांसद नरबहादुर विष्टले जनता केन्द्रित भएर बजेट आउने अपेक्षा गरिएकामा त्यसो हुन नसकेको बताए। उनले भने, ‘गरिब, दलित, निम्नवर्गीयलाई सम्बोधन गर्नेगरी बजेट आउन सकेको छैन। निजीकरणलाई बढी प्राथमिकता दिइएको छ।’

सांसद राधेश्याम पासवानले तल्लो वर्ग, गरिब, मजदुर तथा किसानलाई सम्बोधन गर्नेगरी बजेट आउन नसकेको बताए। उनले भने, ‘संविधानले कल्पना गरेको व्यवस्थाअनुसार अघि बढ्न सकेका छैनौँ। लक्ष्यअनुसारको राजस्व संकलन गर्न सकेका छैनौँ। अर्थतन्त्र कसरी चलायमान बनाउने त ? विभिन्न शीर्षकमा राजस्व छली भएकाले पनि अर्थतन्त्र शिथिल भइरहेको छ।’

सांसद विष्णुकुमारी सापकोटाले वास्तिवक तथा यथार्थपरक बजेट आएकाले पूर्ण रूपमा समर्थन गर्दै भनिन्, ‘सरकारले बजेट कार्यान्वयन र सुशासनको पाटोलाई भने क्रियाशील र व्यवस्थित बनाउनमा ध्यान केन्द्रित गर्ने आशा गर्दछु।’ उनले सरकारले लगानीको वातावरण बनाएर सुरक्षाको प्रत्याभूति दिन नसकेको भन्दै दक्ष जनशक्ति विदेशिनु पर्ने बाध्यता हटाउन सरकारलाई विशेष योजना कार्यान्वयनका लागि ध्यानाकर्षण गराइन्।

Beena Limbu
Proprietor
9810311755
9765085647
KIND BEATY
UNISEX SALON & ACADEMY
Kaushaltar, Bhaktapur
Nail Extensions, Lashes Extensions, Manicure and Pedicure, Makeup, Haircut, Hair Color, Keratin, Botox, Facial and All services are provided here.

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ